# अध्याय–एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

सामान्यतया कक्षा उपस्थिति भन्नाले विद्यार्थीहरू नियमित रुपमा विद्यालय आउने बुझिन्छ तर शैक्षणिक रुपमा भन्नु पर्दा विद्यार्थीहरू नियमित र निश्चित तोकिएको समयमा विद्यालय गई शिक्षकहरूले अन्तरक्रियामा वा शिक्षण सिकाइ क्रियाकलापमा सामेल भई नयाँ ज्ञान, सिप, धारणा जस्ता कुराहरू सिक्नको लागि सहभागी हुनु भन्ने बुझिन्छ त्यसैगरी शैक्षिक उपलब्धि भन्नाले कुनै पनि प्रकारको शिक्षण सिकाइ क्रियाकलापको समाप्ती पछि वा कुनै निश्चित उद्देश्य र त्यसको क्षेत्र अन्तर्गत रही शिक्षण क्रियाकलाप संचालन गरी सकेपछि विद्यार्थीहरूले प्राप्त गरेको ज्ञान र सीप क्षमता कुनै पनि रुपमा प्रदर्शित गर्न सक्नु नै उपलब्धि मानिन्छ ।

शिक्षण  क्रियाकलाप पश्चात निर्धारित उद्देश्य प्राप्त भयो भएन भन्ने कुराको मापन गरी विद्यार्थीको उपलब्धि स्तर निर्धारण गर्न परिक्षाको प्रमुख उद्देश्य हो । विद्यार्थीको शैक्षिक उपलब्धिको मूल्याङ्कन गर्ने धेरै प्रकारका उपलब्धि परीक्षाहरू विश्वमा प्रचलित छन् । शिक्षकले विद्यालयमा लिइने विभिन्न एकाइ परीक्षा तथा नियमित रुपमा गृहकार्य परीक्षणले पनि विद्यार्थीको शैक्षिक उपलब्धि परीक्षण गरिन्छ । त्यस्तै विद्यार्थीको उपलब्धि परीक्षणका आधारमा नै शिक्षकको शिक्षण प्रभावकारीतामा वृद्धि हुने र शिक्षणका लागि उपयुक्त निर्देशन प्राप्त हुने गर्दछ ।  सिकाइ उपलब्धि परीक्षणको नतिजाको स्तरले विभिन्न कार्यहरू जस्तै शैक्षिक योजना निर्माण तथा शैक्षिक निर्णय गर्न महत्वपूर्ण सहयोग गर्दछ ।

विद्यार्थी तथा शिक्षकहरुको उपस्थितिमा हुने अनियमितताले विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । शिक्षकहरु नियमित रुपमा उपस्थित भइ शिक्षण क्रियाकलाप सञ्चालन गरेमा विद्यार्थीहरुलाई पनि नियमित हुन थप बल प्रदान हुन्छ । विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर, व्यवहार, आचरण, आदिले समेत समुदायमा प्रत्यक्ष प्रभाव पार्ने गरेको पाइन्छ । विद्यालय गएका विद्यार्थीहरुको सामाजिक व्यवहार, आचरण, अनुकरणयोग्य भएमा समुदायका अभिभावकले समेत आफ्ना बालबालिकाको व्यावहार राम्रो एवं प्रभावकारी हुन्छ भने उनीहरुलाई विद्यालय पठाउन उत्सुक हुन्छन् । उनीहरुमा विद्यालयप्रति सकारात्मक धारणाको विकास हुन्छ । यस्तो कार्यबाट छोराछोरी विद्यालय नपठाउने अभिभावकहरुलाई समेत बालबालिका विद्यालय पठाउन अप्रत्यक्ष किसिमको दवाव सिर्जना हुन जान्छ । अन्त्यमा उनीहरु पनि आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउन

बाध्य हुन्छ । नियमित रुपमा विद्यालय पठाउन थाल्छन् । यसरी विद्यार्थीको नियमितताले भर्ना भई अध्ययन गरी रहेका विद्यार्थीहरुको कक्षा छोड्ने दर, दोहोऱ्याउने र अनुत्तीर्ण दर घट्न जान्छ भने समुदायमा बाँकी रहेका बालबालिकाहरुलाई विद्यालय ल्याउन थप प्रोत्साहन समेत मिल्दछ ।

शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने कुराहरूमा सिकाइ प्रक्रियामा प्रभाव पार्ने तत्वहरूले नै प्रमुख भूमिका खेलेको पाइन्छ । विद्यार्थीहरूलाई अध्ययनका लागि प्रभावित पार्ने विभिन्न शिक्षण विधिहरू प्रयोग गरिएपनि उपयुक्त वातावरण निर्धारण भएतापनि सिकाइ प्रक्रियामा प्रभाव पार्ने तत्वहरूले असर गरिरहेको हुन्छ । जस्तो व्यक्तिगत तत्वहरू जस अन्तर्गत शारिरीक तत्व, सिकारुको स्वास्थ्य, उमेर, लिङ्ग, बुद्धि, इच्छा र अभिरूचि अनुरुप शिक्षण भएमा शैक्षिक उपलब्धि राम्रो हुन जान्छ । त्यस्तै गरी मानसिक तत्वहरू, सम्वेगात्मक तत्व, शिक्षकको व्यक्तित्व, वातावरण, वंशानुक्रम, सिकारुको अपेक्षा, समाग्रीको प्रृकृति, सिक्ने विधि, प्रेरणा र अभ्यास जस्ता कुराहरूको सही सदुपयोग अनुरुप शैक्षिक उपलब्धि हुने गर्दछ (शर्मा, २०६४)

नेपालमा भएका विभिन्न राजनैतिक परिवर्तनसँगै शैक्षिक क्षेत्रमा पनि धेरै परिवर्तनहरू भएको पाइन्छ । नेपालमा २०४६ सालबाट भएको जनआन्दोलन पश्चात प्रजातन्त्रको पुनरवहाली भएपछि नेपालको संविधान २०४७ द्वारा सुरक्षित मानव अधिकार तथा प्रजातान्त्रिक मूल्य र मान्यताका साथै सामाजिक न्याय, शिक्षाको समान अवसरको धारणा, राष्ट्रिय आकांक्षा र अन्तराष्ट्रिय सन्दर्भलाई समेत मध्यनजर गरी शिक्षाका नीति निर्धारण तर्जुमा भए अनुरुप २०४९ को राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले पूर्व प्रा.वि. तहदेखि उच्च मा.वि.सम्मको सँगठनात्मक ढाँचा प्रस्तुत गरी कक्षामा सबैलाई सम्मान अवसर, भौतिक गुणस्तर तथा भौतिक जनशक्तिको योजना समेत प्रस्तुत गरको थियो । पाठ्यक्रमको स्तरियता समयसापेक्षता हेरी तद्अनुरुप पाठ्यपुस्तक तयार गरिएको थियो । शिक्षामा सबैको पहुँच विस्तार गरी विद्यार्थी कक्षामा नियमितता गर्न छात्रवृत्ति, पौष्टिक आहार लगायत अन्य सुविधा प्रदान गर्न शिक्षा नियमावली २०४९ ले जोड दिएको छ ।

रा.शि.प.यो. २०२८-२०३२ मा प्राथमिक शिक्षा पाइरहेका विद्यार्थीहरुको ५० प्रतिशत बालबालिकाहरुलाई निम्न माध्यमिक शिक्षा सहुलियत दिने नियमित विद्यालय कक्षा उपस्थिति हुने विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने साथै कक्षामा उत्कृष्ट ल्याउने विद्यार्थीलाई पनि छात्रबृत्तिको व्यवस्था गरिएको छ । जसले गर्दा विद्यार्थीहरुको कक्षा उपस्थिति नियमित हुन जाने हुँदा कक्षा शैक्षिक उपलब्धि राम्रो हुने कुरा अवलम्बन गरिएको छ ।

शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थीसंख्या सामान्तया उपत्यका, तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश ५०, ४५ र ४०

हुनुपर्ने छ । त्यस्तै गरी संस्थागत विद्यालयमा प्रत्येक कक्षामा न्यूनतम २२ अधिकतम ४४ र औसत ३३ जना विद्यार्थी संख्या हुनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । त्यस्तै गरी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन र अन्य प्रतिवेदन तथा शिक्षा सम्बन्धि दिएका सुझावहरूको कार्यान्वयनको स्थिति समिश्रण गर्नका लागि नेपाल सरकारले उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा गठन गरी शिक्षाको व्यवस्था व्यवस्थित गर्ने विद्यार्थीहरूको कक्षा नियमतिता शतप्रतिशत पुऱ्याउने अनुसारका कार्यक्रमहरू निर्धारण गर्न सुझाव प्रस्तुत गरिएको थियो । विद्यालय शिक्षा प्रस्तावित कार्यनीति र अवधारणा पत्र २०५८ मा विद्यार्थी उपस्थिति र शैक्षिक उपलब्धि सम्बन्धमा विभिन्न सुझावहरू प्रस्तुत गरिएको थियो । जसको आधारमा शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ मा स्वच्छ, शैक्षिक, वातावरण सिर्जना गरी विद्यार्थीहरूको भर्ना शतप्रतिशत पुऱ्याउने लक्ष्य राखिएको थियो, (शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०४९) ।

हाम्रो देश बहु भाषिक बहु जातिय, बहु धार्मिक, हुनुमा पनि विद्यार्थीको कक्षा उपस्थिति शैक्षिक उपलब्धि न्यून हुनु हो । किन भने हाम्रो देशमा छुट्टै मातृभाषाका रुपमा निम्न माध्यमिक तहको कक्षा संचालन हुन सकेको छैन जसको लागि एउटै भाषा नेपालीमा शिक्षण सिकाई क्रियाकलाप हुने गरेको छ । त्यसैले भिन्न भाषा जानेको बालबालिकाहरुलाई नेपाली भाषमा पठन पाठन गर्न समस्या रहेको छ । भौगोलिक बनावटको कारण सबै बालबालिकाहरुलाई सहज रुपमा ज्ञान आर्जन गर्न सक्ने किसिमको विद्यालयहरुको निर्माण हुन सकेको छैन । बालबालिकाको घरबाट विद्यालय टाढा हुनु नै कक्षा  उपस्थिति र शैक्षिक उपलब्धिमा कमी हुनु हो । त्यसैगरी विद्यार्थीको रुची अनुसार शिक्षण नगरिनु वा विद्यार्थी केन्द्रित विधिद्वारा शिक्षकहरुले शिक्षण नगर्दा कक्षा उपस्थितिमा समस्या आएको पाइन्छ । र यिनै विधि समस्याका कारण शैक्षिक उपलब्धि खस्कदो अवस्थामा छ ।

## १.२. समस्याको कथन

हरेक राष्ट्रको समानुपातिक विकासको लागि शिक्षा एक अपरिहार्य र अनिवार्य छ । शिक्षा कुनै एक विशेष वर्गको लागि मात्र नभइ सम्पूर्णताको लागि आवश्यक छ । शिक्षाको ज्योति विना न त व्यक्तिको, न त समाजको, न त कुनै राष्ट्रको नै विकास सम्भव छ । त्यसैले व्यक्तिको शिक्षा वा ज्ञान आर्जन गर्ने पहिलो थलो घर हो भने दोस्रोमा विद्यालयलाई मानिन्छ । बालबालिकाहरू घरमा भन्दा बढी समय विद्यालयमा विताउने गर्दछन् । उनीहरूमा ज्ञानको विकासका साथै शारिरीक सामाजिक र संवेगात्मक विकास गर्न विद्यालयले महत्वपूर्ण भूमिका खेलेको हन्छ । हाम्रो दशमा रहेका प्राय जसो सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको कक्षा उपस्थिति ज्यादै न्यून रहेको पाइन्छ । जसले गर्दा उनीहरुको शैक्षिक उपलब्धि कमजोर रहेको देखिन्छ । प्राय जसो सरकारी विद्यालयमा विद्यार्थीको रुचि, चाहना अनुरुप शिक्षण सिकाइ

क्रियाकलापहरु हुन सकेको छैन । जसको कारण उनीहरुको कक्षा उपस्थिति पनि कम देखएिको अनुमान गर्न सकिन्छ । स-साना कक्षाहरुमा विद्यार्थी कक्षामा नियमित उपस्थित भइ शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुन पनि आवश्यक छ । त्यसैले सरकारी वा सामुदायिक विद्यालयहरूमा विद्यार्थी कक्षा उपस्थिति न्यून हुनुका कारणहरू के के हुन् ? हालको परिप्रेक्ष्यमा विद्यार्थीको विद्यालय उपस्थिति कस्तो छ ? शैक्षिक उपलब्धि कस्तो पाइन्छ ? कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बीच कस्तो सम्बन्ध रहेको छ ? ति भैरहेका वा खस्किरहेको शैक्षिक उपलब्धि उकास्ने उपायहरू के के होलान् ? आदि जस्ता समस्याको खोजी र समाधानका लागि यस अध्ययन शीर्षक चयन गरिएको थियो ।

## १.३ अनुसन्धान प्रश्नहरू

निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरूको यो अध्ययनले उत्तर खोजेको थियो ।

- माध्यमिक विद्यालयमा विद्यार्थी कक्षा उपस्थितिको अवस्था कस्तो छ ?
- विद्यार्थीहरूको शैक्षिक उपलब्धिको अवस्था कस्तो छ ?
- विद्यार्थी कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बिच के कस्तो सम्बन्ध छ ?
- कक्षामा विद्यार्थीहरू नियमित र अनियमित हुनका कारणहरू के के रहेका छन् ?
- विद्यार्थीहरूको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि उकास्ने उपायहरू के के हुन सक्छन् ?

## १.४. अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धान एउटा निश्चित उद्देश्य प्राप्तिका लागि गरिन्छ । उद्देश्यका साथ गरिएको कार्यबाट अपेक्षित लक्ष्यमा पुग्न सकिन्छ । उद्देश्यले नै कुनै पनि कार्यलाई सही मार्गनिर्देशन गर्दछ । यस अध्ययनका लागि निम्न लिखित उद्देश्यहरू राखिएका थिए ।

- माध्यमिक विद्यालय तहको विद्यार्थी कक्षा उपस्थिति र शैक्षिक उपलब्धि अवस्था पहिचान गर्नु ।
- विद्यार्थी कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बिचको सहसम्बन्ध पहिचान गर्नु ।
- शैक्षिक उपलब्धि उकास्ने उपायहरूको खोजी गर्नु ।

## १.४. अध्ययनको औचित्य

शिक्षण सिकाइ क्रियाकलाप हुनका लागि विद्यालयमा शिक्षक तथा विद्यार्थीहरू अनिवार्य उपस्थित हुन आवश्यक छ । शिक्षक मात्र वा विद्यार्थी मात्र उपस्थित भएमा शिक्षण सिकाइ क्रियाकलाप हुन सक्दैन । हाम्रो देशका सामुदायिक विद्यालयमा विद्यार्थीहरूको उपस्थिति हेर्नका लागि अनिवार्य विद्यार्थी हाजिर गर्नुपर्ने प्रावधान भएपनि कतिपय विद्यालयमा हाजिर नगर्ने परिपाटी छ भने प्रायः विद्यालयमा हाजिर गर्ने गरेको पाइन्छ । स-साना कक्षाहरूमा सो अध्ययन भन्दा पनि शिक्षकले पढाएको विद्यार्थीहरूले राम्ररी बुझ्ने त्यसले गर्दा विद्यार्थी कक्षा उपस्थितिलाई विशेष जोड दिन आवश्यक हुन्छ । विद्यार्थीहरूको नियमित कक्षा उपस्थितिले शैक्षिक उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । माध्यमिक तह र त्यसभन्दा साना कक्षाहरूमा विद्यार्थी उपस्थित भई शिक्षण सिकाइ क्रियाकलापमा सामेल भएमा उनीहरूको पढ्ने लेख्ने शैलीको विकास हुन जान्छ र सोही अनुरुप शैक्षिक उपलब्धि पनि राम्रो हुन्छ ।

हाम्रो देशका सामुदायिक विद्यालयमा विद्यार्थीको कक्षा उपस्थिति न्यून देखिन्छ । विद्यार्थीहरु घरमा काम भएको समयमा विद्यालय जान नपाउने बाध्यात्मक परिस्थिति रहेको देखिन्छ जसले गर्दा उनीहरुको शैक्षिक उपलब्धि राम्रो हुन सकेको छैन । अव आउने समयमा पनि यस्तै अवस्था भइरहे भविष्यमा शैक्षिक जनशक्तिको अभाव खड्किन सक्छ । देशमा दक्ष जनशक्तिको कमी भई देशलाई अग्रगामी दिशातर्फ मोड्न सकिँदैन । यिनै समस्या नआओस् भन्नका लागि यस अध्ययनले सहयोग गर्दछ । यस अध्ययनले शैक्षिक क्षेत्रमा चासो राख्ने सम्पूर्ण व्यक्तिका लागि आवश्यक सहयोग पुग्नेछ भन्ने विश्वस गरिएको छ ।

यस अध्ययनले माध्यमिक तहमा कक्षा उपस्थिति र शैक्षिक उपलब्धिको अवस्थाको अध्ययन गरी थाहा हुन आएका कमी कमजोरीहरू पहिचान गर्दै आवश्यक पृष्ठपोषण दिने सक्ने छ । यस अध्ययनले विद्यालय तहमा विद्यार्थी कक्षा उपस्थितिले उनीहरूको शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पार्ने वा कस्तो सम्बन्ध हुने रहेछ भन्ने कुराको पहिचान गर्नेछ ।

## १.६. अध्ययनको सिमाङ्कन

समयको सिमितता, आर्थिक कठिनाई लगायतका विभिन्न कारणहरूले यस अध्ययनलाई निम्नअनुसार सिमाङ्कन गरिएको थियो ।

- विद्यार्थीको उपस्थिति थाहा पाउन हाजिरी रेकर्डलाई आधार मानिएको थियो ।
- विद्यार्थीको शैक्षिक उपलब्धि थाहा पाउन नौ र दश कक्षाको विद्यालयले दिइएको लब्धाङ्क पत्रलाई आधार मानिएको थियो ।

- सहसम्बन्ध हेर्नको लागि तथ्यांक शास्त्रीय विधि प्रयोग गरिएको थिएन ।
- अध्ययनमा कक्षा नौ र दशका विद्यार्थीहरूमा मात्र सिमित गरिएको थियो ।
- विद्यार्थीको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बिचको सहसम्बन्ध बुझ्नका लागि विद्यार्थी घटना अध्ययनलाई आधार मानिएको थियो ।

## १.७.शब्दावलीको परिभाषा

यस अध्ययनमा प्रयोग गरिएका विभिन्न शब्दावली तथा तत्वहरूलाई विभिन्न अर्थमा उपयोग गर्न सकिन्छ । यस अध्ययनमा उपयोग गरिएका शब्दावलीहरूलाई यसरी प्रस्ट पारिएको छ ।

**उपस्थिति** : उपस्थिति भन्नाले विद्यार्थीहरू नियमित र निश्चित तोकिएको समयमा विद्यालय गई शिक्षकहरूसँगको अन्तक्रियामा वा शिक्षण सिकाइ क्रियाकलापमा सामेल भई नयाँ ज्ञान सिप, धारणा जस्ता कुराहरू लिनका लागि सहभागी हुनु भन्ने बुझिन्छ तर यस अध्ययनमा उपस्थिति भन्नाले विद्यालयम पढाइ भएका दिन मध्ये विद्यार्थी हाजिर भएका दिनलाई जानउँछ ।

**शैक्षिक उपलब्धि** : विद्यार्थीहरूले प्रत्येक विषयको विद्यालयमा लिइएको परिक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई जनाउँदछ ।

**माध्यमिक तह** : माध्यमिक तह भन्नाले शैक्षिक जनशक्ति निर्माण गर्नका लागि नेपाल सरकारले तोकिएको कक्षा ९ र १०  लाई लिइएको छ ।

## १.८. अध्ययन क्षेत्रको परिचय

पृथ्वीको उत्तरी गोलार्धमा अवस्थित नेपाल एउटा भुपरिवेष्ठित राष्ट्र हो । नेपाल २८[२७ मिनेट देखि ३०[२७ मिनेट उत्तरी आक्षांश सम्म र ७[४ मिनेट देखि ८८[१२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । दक्षिणी पूर्वी एसियामा पर्ने नेपालको कूल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी रहेको छ । विश्वको कूल क्षेत्रफलको ०.००३ प्रतिशत र एसिया महादेशको ०.३ प्रतिशत भूभाग रहेको छ । पूर्वमेची देखि पश्चिम महाकालीसम्म नेपालको औसत लम्बाई ८८५ कि.मी छ भने चौडाई एकनासको नभै सबै भन्दा बढी २४१ कि.मी र न्यूनतम १४५ कि.मी औसतमा १९२ कि.मी रहेको छ (श्रेष्ठ, २०६२) । नेपालको उत्तर तिर चिन र पूर्व, पश्चिम र दक्षिणमा भारत रहेको छ ।

नेपालको पूवाञ्चल विकास क्षेत्र अन्तर्गत झापा जिल्ला एक तराईको जिल्ला हो । नेपालका ७५ जिल्ला मध्ये शैक्षिक क्षेत्रमा अग्रपंक्तिमा यो जिल्ला पर्न आउँछ । यस जिल्लामा जम्मा ४७ वटा गा.वि.स.हरू रहेका छन् । जस अन्तर्गत जुरोपानी गा.वि.स. झापा जिल्लाको पश्चिम दक्षिण क्षेत्रमा रहेको छ । यस गा.वि.स.बाट दक्षिणमा गौरीगञ्ज, पश्चिममा डोरोमारी, उत्तरमा गौरादह र पूर्वमा बैगुन्धुरा गा.वि.स. रहेका छन् । यस जिल्लामा धेरै जसो भाग समथर रहेको छ जसको कारण यातायातको सुविधा पनि राम्रो छ । यहाँका मानिसहरु कृषि पेशामा संलग्न छन् भने यिनीहरुको आर्थिक अवस्था मध्यम रहेको छ । यहाँका विद्यार्थीहरुको कक्षा उपस्थिति सन्तोषजनक रहेको पाइन्छ ।

यस जुरोपानी गा.वि.स.को नाम यही कारणले रहेको हो भन्ने कुनै ठोस तथ्य त छैन ता पनि त्यहाँ रहेका बुढापाका र अग्रजहरूलाई यस विषयमा सोध्दा यस ठाउँमा वर्षाको समयमा परेको पानी २०/२५ दिनसम्म नसुक्ने र पानी जमिरहने कारण यस ठाउँको नाम जुरोपानी रहन गइ गा.वि.स.को नाम पनि जुरोपानी राखिएको कुरा पाइन्छ । यो गा.वि.स. २६.२९[ देखि २६.३९[ उत्तरी अक्षांश र ८७.४२[ : ३० देखि ८७.४७[:३० पूर्वी देशान्तरमा फैलिएको छ । यसको उत्तर दक्षिण लम्बाई १६.६७५ कि.मी. र पूर्वी पश्चिम चौडाइ ३.०१६ कि.मी. गरी जम्मा ५०.२९२ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । यस गा.वि.स.मा जम्मा १८५५७ मानिसहरूको संख्या मध्ये महिला ८७५६ र पुरुषहरू ९८०१ जना रहेका छन् । यस गा.वि.स.मा आदिवासी जनजातिहरू (राजवंशी, ताजपुरीया, मुसहर, सतार) आदि जातिहरूको अत्यन्तै बाहुल्यता रहेको पाइन्छ भने व्राम्हण क्षेत्री, राइ, गुरुङ, आदि जस्ता मिश्रित जातजातिहरू रहेका छन् । यस गा.वि.स.मा जम्मा ७ वटा प्रा.वि. ३ वटा नि.मा.वि. र १ वटा उच्च मा.वि. रहेको छ र यस उच्च मा.वि. नै अध्ययनको क्षेत्र रहेको छ ।

# अध्याय-दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयवस्तुमा अनुसन्धान वा खोज गर्नुभन्दा पहिलो त्यस सँग सम्बन्धित अथवा मिल्दो जुल्दो किसिमका के कस्ता अध्ययनहरू भएका छन् वा छैनन् भनी हेर्नुपर्ने हुँदा जसको लागि अध्ययन अनुसन्धानकर्ताको शीर्षकमा राम्रो ज्ञान हुनुपर्दछ । त्यो ज्ञान लिनको लागि विषयवस्तुसँग सम्बन्धित पाठ्यपुस्तक पत्रपत्रिका बुलेटिने, पूर्व अध्ययन कार्यको बारेमा अध्ययन गर्नु नै पूर्व अध्ययन कार्यको साहित्यिक समीक्षा हो ।

## २.१. सैद्धान्तिक साहित्यको पुनरावलोकन

प्रगतिवादी दर्शनले पनि विद्यार्थीको शैक्षिक उपलब्धि स्तर राम्रो बनाउनका लागि बालकेन्द्रित शिक्षा प्राणालीमा जोड दिइएको छ । प्रगतिवादले बालकलाई बुझ्न उसलाई एक प्राकृतिक प्रााणीका रुपमा हेर्नुपर्ने दृष्टिकोण राख्दछ । बालकको प्राकृतिक अवस्था खर्च, दक्षता, क्षमता, प्रतिभा पहिचान शिक्षकको पछिल्लो काम हो । जुन शिक्षकले असल ढङ्गले बालकलाई चिन्न र बुझ्न सक्दछ त्यसले मात्र बालकमा असल सिकाइ उमार्न र प्रस्फुटन गराउन सक्दछ भन्ने चाहना प्रगतिवादबाट नै शैक्षिक प्रणालीमा भित्रीएको छ । (वाग्ले, कार्की, २०६५)

शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थीसंख्या सामान्तया उपत्यका, तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश ५०, ४५ र ४० हुनुपर्ने छ । त्यस्तै गरी संस्थागत विद्यालयमा प्रत्येक कक्षामा न्यूनतम २२ अधिकतम ४४ र औसत ३३ जना विद्यार्थी संख्या हुनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । त्यसै गरी भर्ना सम्बन्धि व्यवस्थामा कक्षा ६ मा भर्ना हुनको लागि कक्षा ५ को परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र, कक्षा ९ मा भर्ना हुनको लागि निम्न माध्यामिक शिक्षा उत्तीर्ण भएको प्रमाणपत्र र अन्य कक्षामा भर्ना हुनको लागि विद्यालयले दिइएको वार्षिक परीक्षाको लब्धाङ्क र स्थानान्तरण प्रमाणपत्र पेश गर्नुपर्ने कुरा उल्लेख गरिएको छ(शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०४९) ।

शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने कुराहरूमा सिकाइ प्रक्रियामा प्रभाव पार्ने तत्वहरूले नै प्रमुख भूमिका खेलेको पाइन्छ । विद्यार्थीहरूलाई अध्ययनका लागि प्रभावित पार्ने विभिन्न शिक्षण विधिहरू प्रयोग गरिएपनि उपयुक्त वातावरण निर्धारण भएतापनि सिकाइ प्रक्रियामा प्रभाव पार्ने तत्वहरूले असर गरिरहेको हुन्छ । जस्तो व्यक्तिगत तत्वहरू जस अन्तर्गत शारिरीक तत्व, सिकारुको स्वास्थ्य, उमेर, लिङ्ग, बुद्धि, इच्छा र अभिरूचि अनुरुप शिक्षण भएमा शैक्षिक उपलब्धि राम्रो हुन जान्छ । त्यस्तै गरी मानसिक तत्वहरू, सम्वेगात्मक तत्व, शिक्षकको

व्यक्तित्व, वातावरण, वंशानुक्रम, सिकारुको अपेक्षा, समाग्रीको प्रकृति, सिक्ने विधि, प्रेरणा र अभ्यास जस्ता कुराहरूको सही सदुपयोग अनुरुप शैक्षिक उपलब्धि हुने गर्दछ । (शर्मा र शर्मा)

२०४९-२०५५ (शिक्षा आयोग प्रतिवेदन) मा विद्यार्थीहरूको कक्षा उपस्थिति र शैक्षिक उपलब्धिमा सुधार गर्न तालिम प्राप्त विद्यार्थी केन्द्रीत शिक्षण विधिबाट शिक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यसैगरी जेहेन्दार तथा गरीब विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरी माध्यमिक तहमा कक्षा उपस्थिति बढाउनु पर्ने कुरा अगाडि सारेको छ ।

श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर, २०५२, को माध्यमिक दिग्दर्शनमा पनि विद्यार्थीहरूलाई नियमित कक्षा उपस्थिति हुनका लागि निशुल्क शिक्षाको उपलब्ध हुनुपर्ने र तालिम प्राप्त शिक्षकको व्यवस्था हुनुपर्ने उल्लेख गरिएको छ ।

## २.२. सम्बन्धित अध्ययनहरूको पुनरावलोकन

CERID द्वारा Achievement Study of Primary School Children शीर्षकमा सन् 1982 मा प्रा.वि. तहका विद्यार्थीको उपलब्धि स्तरको अध्ययन गरिएको थियो । यस अध्ययनमा चार विकास क्षेत्रका १२ वटा जिल्ला जसमा पहाड तराई र हिमाल प्रदेशलाई समेटी अध्ययन क्षेत्रको छनौट गरिएको थियो । अध्ययन क्षेत्रका ८ देखि १२ प्रतिशत नि.मा.वि.हरूको मात्र अध्ययन गरिएको थियो । अनुसन्धानका क्रममा अनुसन्धान प्रतिनिधिको प्रत्यक्ष संलग्नतामा विद्यार्थीको परीक्षा गरिएको थियो । परीक्षण साधनको निर्माण गर्दा पढाइ, लेखाइ र अंक गणितलाई आधार बनाइएको थियो । यस अध्ययनले सबैभन्दा बढी साक्षरता (३०.२ प्रतिशत) पूर्वाञ्चलको र सबैभन्दा कम साक्षरता (१२.१ प्रतिशत) सुदूर पश्चिमाञ्चलको तथा माध्यमाञ्ल र पश्चिमाञ्चलको साक्षरता क्रमशः १७.९ प्रतिशत र १८.१ प्रतिशत रहेको निष्कर्ष निकालेको छ । जसमा विद्यार्थीको उपलब्धि स्तर बढाउनका लागि विद्यार्थी कक्षा उपस्थिति नियमित बनाउनु पर्ने सुझाव दिइएको छ ।

ए.वि. स्थापित (२०३५) का अनुसार त्रि.वि.वि. अन्तर्गत "विद्यार्थीहरूको गुणात्मक उपलब्धिहरूमा प्रभाव पार्ने विद्यालय वातावरण बाहिरका तत्वहरू" सम्बन्धि काम्ठमाडौ. जिल्लामा गर्नुभएको तत्व विश्लेषणात्मक अध्ययनमा निम्न निश्कर्षहरू निकाल्नु भएको छ । कक्षागत दक्षतामा कक्षागत स्तरले प्रभाव पार्दछ । जस्तै नैतिक अनुशासन, निरन्तरता तथा उपस्थिति जस्ता विशेषताहरू भएका विद्यार्थीहरूको कक्षागत दक्षता बढी देखिन्छ ।

गिरीले (२०५९) रुपन्देही जिल्लामा सञ्चालित प्राथमिक पौष्टिक आहार कार्यक्रमले विद्यार्थीहरूको नियमतिता र शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा गरिएको अध्ययनमा प्राथमिक विद्यालयमा पौष्टिक आहार कार्यक्रम लागू भएको विद्यालयमा अध्ययनरत विद्यार्थीहरू विद्यालय नियमितता हुने, विचैमा कक्षा नछोड्ने रहेको पाएका थिए । त्यस्तै गरी प्राथमिक तहको विद्यार्थी नियमितता र उनीहरूको शैक्षिक उपलब्धि राम्रो बनाउनका लागि यस्तै विभिन्न कार्यक्रमहरू बढाउनु पर्ने सुझाब दिएका छन् ।

पन्तले (२०५९) "प्राथमिक शिक्षामा विद्यार्थी नियमितता" सम्बन्धि गर्नुभएको अध्ययनमा विद्यार्थीहरूलाई विद्यालयमा नियमित गर्न छात्रवृत्ति पोषण कार्यक्रम अनिवार्य प्राथमिक शिक्षा कार्यक्रम, नियमित मूल्याङ्कन प्रणाली, जस्ता कार्यक्रमहरूको विस्तार गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

पोखरेल (२०६४) प्राथमिक तहमा विद्यार्थी कक्षा उपस्थिति र शैक्षिक उपलब्धि सम्बन्धि अध्ययनमा विद्यार्थीहरूको कक्षा उपस्थिति लैंगिक र सामाजिक समूह अनुसार कक्षा उपस्थिति र उपलब्चि बिचको सम्बन्ध पत्ता लगाईएको थियो । जसमा विद्यालय नियमित उपस्थित हुने र विद्यार्थीको शैक्षिक उपलब्धि राम्रो भएको बताएकी छन् । जस अध्ययनमा ब्राम्हण क्षेत्री भन्दा आदिवासी जनजाति र दलित छात्राहरू कक्षा उपस्थिति कम प्राप्त भएको जसका लागि छात्रा विद्यालय पढाउने अभिभावकलाई प्रसंसा पत्र र पुरस्कारको व्यवस्था गरी छात्रा विद्यार्थीहरूको कक्षा उपस्थिति बढाउन सकिने कुरा उल्लेख गरिएको छ ।

यी माथिका सम्पूर्ण अध्ययनबाट शैक्षिक उपलब्धि सम्बन्धि धेरै अध्ययनहरू भैसेकेको भएतापनि माध्यमिक तहका विद्यार्थी कक्षा उपस्थिति र शैक्षिक उपलब्धि अवस्थामा कसैले पनि खोजी वा अनुसन्धान नगरेको हुँदा यस शीर्षक अन्तर्गतका विभिन्न पक्षहरूको छनौट साथै लेखन कार्यमा ति पूर्व अध्ययन कार्यहरूको साहित्यिक समिक्षाले ज्यादै सहयोग गरेको छ ।

### २.३. अवधारणात्मक ढाँचा

क) विद्यार्थीको कक्षा उपस्थिति र शैक्षिक उपलब्धिको सह सम्बन्ध

- कक्षा उपस्थिति नियमित भएमा शैक्षिक उपलब्धि राम्रो हुने ।
- कक्षा उपस्थिति कम भएमा शैक्षिक उपलब्धि नराम्रो हुने ।

घ) विद्यार्थी कक्षा उपस्थिति र शैक्षिक उपलब्धिमा सुधारका उपायहरू

- विद्याथीको रूचि अनुसार शिक्षण गर्नु
- तालिम प्राप्त शिक्षकद्वारा शिक्षण गर्नु
- उत्कृष्ट हुने विद्यार्थीलाई छात्रवृत्ति तथा पुरस्कारको व्यवस्था गर्नु

**माध्यामिक तहमा विद्यार्थी कक्षा उपस्थिति र शैक्षिक उपलब्धि**

ख) विद्यार्थीको कक्षा उपस्थिति कम हुने कारणहरू

- परिक्षामा अनुर्त्तीण हुनाले
- विद्यार्थी विरामी भैरहने हुनाले
- विद्यालय टाढा हुनाले
- पारिवारिक समस्याले

ग) कक्षा उपस्थिति बढाउने उपायहरु

- अभिभावकलाई शैक्षिक चेतना अभिवृद्धि गराउने कार्यक्रम सञ्चालन गर्नुपर्ने
- सबैभन्दा बढी उपस्थित हुने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गर्नुपर्ने

विद्यार्थी उपस्थिति

शैक्षिक उपलब्धि

विद्यालयको वातावरण

पारिवारीक स्थिति

विद्यार्थीको रूचि चाहना, बुझाई

सामाजिक स्थिति

# अध्याय–तीन

## अध्ययन विधि

अनुसन्धान कार्य सम्पन्न गर्न निश्चित, तथ्यपरक र वस्तुगत पद्दति अपनाउनु आवश्यक हुन्छ । अनुसन्धानको उद्देश्य पुरा गर्न आवश्यक जनसंख्यको पहिचान र निर्धारण, जनसंख्या बाट नमूना छनौट, तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण र प्रयोग, तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रस्तुतीकरण विधि र प्रक्रियालाई अध्ययन विधि अन्तर्गत उल्लेख गरिएको थियो । यस परिच्छेदमा अनुसन्धानात्मक ढाँचा, अध्ययनको जनसंख्या, नमूना छनौटका आधारहरू, तथ्याङ्क सङ्कललनका साधनहरू तथ्याङ्कसङ्कलन, विश्लेषण र व्याख्या प्रक्रियालाई समेटिनेछ ।

### ३.१. सूचना संकलन ढाँचा

प्रत्येक अध्ययन अनुसन्धानमा फरक फरक सूचना संकलन ढाँचा प्रयोग गर्ने गरेको पाइन्छ । सूचना संकलन ढाँचा अध्ययनको उद्देश्य अनुसार फरक फरक रहेको पाइन्छ । यो गुणात्मक तथा परिमाणात्मक अनुसन्धान भएकोले नमूना छनौट उद्देश्य मूलक आधारमा गरिएको थियो । यस अध्ययनको ढाँचा निम्न लिखित अवलम्बनको आधारबाट प्राप्त सूचनाहरूलाई पूर्ण गुणात्मक तथा परिमाणात्मक रुपले विश्लेषण र व्याख्या गरिएको छ ।

| क.सं. | उद्देश्य | सूचनाको स्रोत | साधन |
|---|---|---|---|
| १ | माध्यमिक तहको विद्यार्थी कक्षा उपस्थिति र शैक्षिक उपलब्धि अवस्था पहिचान गर्नु | विद्यार्थीको हाजिर, लब्धांक पत्र | दस्तावेज अध्ययन, |
| | | प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी | अन्तर्वार्ता प्रश्नावली (छुट्टछुट्टै) |
| २. | विद्यार्थीको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बीचको सह सम्बन्ध पहिचान गर्न | विद्यार्थीको हाजिर र लब्धांक पत्र, | दस्तावेज अध्ययन, |
| | | अभिभावक, शिक्षक, विद्यार्थी घटना अध्ययन | अन्तर्वार्ता प्रश्नावली, घटना अध्ययन फारम( छुट्टछुट्टै) |
| ३. | शैक्षिक उपलब्धि उकास्ने उपायहरूको खोजी गर्नु । | प्र.अ., कक्षा शिक्षक, विद्यार्थी, अभिभावक | अन्तर्वाता, प्रश्नावली (छुट्टछुट्टै) |

### ३.२. नमूना छनोट

यस अध्ययनको लागि अनुसन्धानकर्ता (स्वयं म आफू) लाई समय, खर्च र अन्य सुविधाको दृष्टिकोणले पायक पर्ने ठाउँ छनोट गर्ने इच्छा अनुसार र छनोट गरिएको विषयका सम्पूर्ण वास्तविक सूचनाहरू पाइन्छ भने हेतुले मेरो गृह जिल्ला झापालाई छनोट गरेको थियो । यो जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत तराइमा पर्दछ । यस अध्ययनको लागि झापा जिल्ला जुरोपानी गा.वि.स.मा रहेको एक माध्यमिक विद्यालयलाई नमूनाको रुपमा लिइएको थियो । अध्ययनको लागि उक्त गा.वि.स.मा पर्ने मा.वि., त्यसका प्र.अ., शिक्षक, विद्यार्थीहरु तथा अभिभावकहरुलाई सूचनाको स्रोतको रुपमा लिइएको थियो ।

#### ३.२.१. **विद्यालय एवं प्र.अ. छनोट**

अध्ययनकर्ताको समय, खर्च र अन्य सुविधाको दृष्टिले सहज पर्ने स्थानको एक माध्यमिक विद्यालय लिइएको थियो । यस अध्ययन क्षेत्रमा (गा.वि.स.)मा जम्मा ६ वटा प्राथमिक विद्यालय, ३ वटा निम्न माध्यमिक विद्यालय र एउटा उच्च मा.वि. रहेको छ । यस अध्ययनमा माध्यमिक तहका विद्यार्थीको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि अवस्थाको पहिचान गर्नुपर्ने भउकोले यस श्री प्रगति उच्च मा.वि.लाई लिइएको थियो र यस मा.वि.का प्र.अ.लाई स्वतः छनोटमा लिइएको थियो जसलाई अनुसूचि १ मा राखिएको छ ।

#### ३.२.२. विद्यार्थी छनौट

यस अध्ययनमा परेको विद्यालयको कक्षा ९ र १० का सम्पूर्ण विद्यार्थीहरुको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि पहिचान गर्न हाजिरी रेकर्ड र लब्धाङ्क रेकर्ड लिइएको थियो । कक्षामा कम उपस्थिति र बढी उपस्थिति हुने ५/५ जना प्रत्येक कक्षाबाट हाजिरी रेकर्ड अध्ययन गरी छनोट गरिएको थियो र कक्षा उपस्थिति र शैक्षिक उपलब्धिको सहसम्बन्ध पहिचान गर्न विद्यार्थी घटना अध्यनयका लागि कक्षाको सबैभन्दा धेरै अंक ल्याई प्रथम हुने र सबै भन्दा कमजोर विद्यार्थी प्रत्येक कक्षाबाट १/१ जना गरी जम्मा ४ जना विद्यार्थीको घटना अध्ययन गरिएको थियो । छनोटमा परेका विद्यार्थीहरुको नामावली अनुसूची २ र ३ मा राखिएको छ ।

### ३.२.३ शिक्षक छनौट

यस अध्ययनका लागि छनौट गरिएको विद्यालयको कक्षा ९ र १० मा अध्यापन गराउने सम्पूर्ण कक्षा शिक्षकहरूलाई लिइएको थियो जुन शिक्षकहरुको नामावली अनुसूची ४ मा राखिएको छ ।

### ३.२.४. अभिभावक छनौट

विद्यार्थीहरुको शैक्षिक उपलब्धि उकास्ने उपायहरुको खोज गर्नका लागि सबैभन्दा बढी उपस्थित हुने र कम उपस्थित हुने विद्यार्थीका अभिभावकहरुलाई लिइएको थियो । छनोटमा परेका अभिभावकहरुको नामावली अनुसूची ५ मा राखिएको छ ।

### ३.३. सूचना सङ्कलनका स्रोतहरू

यस अध्ययनका लागि प्राथमिक र द्वितीय सूचना सङ्कलनका स्रोतहरू प्रयोग गरिएको थियो ।

### ३.३.१. प्राथमिक सूचना सङ्कलनका स्रोतहरू

कुनैपनि अध्ययन कार्यमा प्राथमिक स्रोतहरूबाट सङ्कलित तथ्याङ्कहरू बढी भरपर्दो र विश्वसनीय हुने हुँदा यस अध्ययनमा पनि प्राथमिक स्रातका तथ्याङ्क सङ्कलनमा अध्ययन विद्यालयका प्र.अ., शिक्षकहरू, विद्यार्थीहरू र अभिभावहरूसँग गरिएको अन्तरवार्ता प्रश्नावलीबाट आउने सूचनाहरूलाई प्राथमिक स्रोतको रुपमा लिइएको थियो ।

### ३.३.२. द्वितीय सूचना सङ्कलनका स्रोतहरू

यस अध्ययनको छनोटमा परेका कक्षा ९ र १० (२०६६ सालको मात्र) का विद्यार्थीहरूको उपस्थिति विवरण र उनीहरूको लब्धाङ्कपत्रलाई द्वितीय सूचना सङ्कलनका स्रोतको रुपमा लिइएको थियो ।

### ३.४. सूचना सङ्कलनका साधनहरू

यस अध्ययनमा सही तथ्याङ्क सङ्कलनका लागि विभिन्न साधनहरूको निर्माण गरिएको थियो :

### ३.४.१. विद्यार्थीको कक्षा उपस्थिति र उपलब्धि रेकर्ड अध्ययन फारम

यस अध्ययनमा कक्षा ९ र १० को २०६६ सालका विद्यार्थीहरूको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि अवस्थाको जानकारी प्राप्त गर्न र कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बिचको सहसम्बन्ध बुझ्नका लागि विद्यालयको हाजिरी रेकर्ड र मार्क लेजर अध्ययन गरिएको थियो । उक्त कुराको रेकर्ड फारम नमूना अनुसूची ६ र ७ मा राखिएको छ ।

### ३.४.२. विद्यार्थी घटना अध्ययन फारम

यस अध्ययनमा विद्यार्थीको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बीचको सह सम्बन्ध पहिचान गर्नका लागि विद्यार्थी घटना अध्ययन गरिएको थियो । उक्त रेकर्ड फारम अनुसूची ८, ९, १० र ११ मा राखिएको छ ।

### ३.४.३. प्र.अ अन्तर्वार्ता प्रश्नावली

यस अध्ययनमा विद्यार्थीहरूको कक्षा उपस्थिति बुझ्न , नियमित र अनियमित हुने कारणहरु बुझ्न साथै शैक्षिक उपलब्धि उकास्ने उपायहरूसँग सम्बन्धी सूचना सङ्कलन गर्न प्र.अ.सँग अन्तर्वार्ता प्रश्नावली विधिको प्रयोग गरिएको थियो जसलाई अनुसूची १२ मा राखिएको छ ।

### ३.४.४. शिक्षक अन्तर्वार्ता प्रश्नावली

यस अध्ययनमा विद्यार्थीहरूको कक्षा उपस्थिति बुझ्न , नियमित र अनियमित हुने कारणहरु बुझ्न साथै शैक्षिक उपलब्धि उकास्ने उपायहरूसँग सम्बन्धी सूचना सङ्कलन गर्न शिक्षकहरुसँग अन्तर्वार्ता प्रश्नावली विधिको प्रयोग गरिएको थियो जसलाई अनुसूची १३ मा राखिएको छ ।

### ३.४.५. अभिभावक अन्तर्वार्ता प्रश्नावली

विद्यार्थीहरू नियमित विद्यालय जान नसक्ने कारणहरु बुझ्न साथै शैक्षिक उपलब्धि उकास्ने उपायहरूसँग सम्बन्धी सूचना सङ्कलन गर्न अभिभावकसँग अन्तर्वार्ता प्रश्नावली विधिको प्रयोग गरिएको थियो जसलाई अनुसूची १४ मा राखिएको छ ।

### ३.४.६. विद्यार्थी अन्तर्वार्ता प्रश्नावली

विद्यार्थीहरूको शैक्षिक उपलब्धि उकास्ने उपायहरू साथै नियमित र अनियमित हुनका कारणहरु सम्बन्धी सूचना सङ्कलन गर्न विद्यार्थीहरुसँग अन्तर्वार्ता प्रश्नावली विधिको प्रयोग गरिएको थियो जसलाई अनुसूची १५ मा राखिएको छ ।

## ३.५. साधनको वैद्यता निर्धारण

यस अध्ययनमा माथि उल्लेखित सूचना सङ्कलनका साधनहरूको वैद्यता निर्धारण गर्न अध्ययनको उद्देश्य अनुरुप साधनहरूको निर्माण गरी शोध निर्देशकको राय सुझाव अनुसार साधनको वैद्यता निर्धारण गरिएको थियो ।

## ३.६. तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्ययनका क्रममा अध्ययन क्षेत्रबाट प्राथमिक तथा द्वितीय रुपमा सङ्कलन गरिएका गुणात्मक तथा परिमाणात्मक सूचनाहरूलाई व्याख्यात्मक प्रक्रियाबाट विश्लेषण गरी सारांश, निष्कर्ष र आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

## ३.७. नीतिगत पक्ष

अध्ययनको क्रममा सही सूचना तथा तथ्याङ्कहरू सङ्कलन गर्नका लागि सर्वप्रथम सुमधुर सम्बन्ध स्थापना गरी उत्तरदातालाई कुनै लोभ लालच, डर, त्रास नदेखाई उनीहरूको सो इच्छाले मनलागेको आफ्नो प्रश्नको उत्तरहरू दिइने वातावरण बनाइयो । अध्ययनकर्ताले के कस्ता सूचनाहरू सङ्कलन गर्न पाउने र कति समय सीमामा रहनु पर्ने भनी पहिले नै जानकारी भए अनुरुप कार्य आरम्भ गर्नुपर्ने भएकोले ती कुरालाई मध्यनजर गरिएको छ । विद्यार्थी र अभिभावकहरूसँग विद्यार्थी घटना अध्ययन गर्दा पारिवारिक तथा आर्थिक विवरण खुल्दा कुनै अप्ठ्यारो पर्छ कि पर्दैन भनी सोधेर उनीहरूको मञ्जुरीमा अध्ययन गरिएको छ । उत्तरदातालाई अनुसन्धानकर्ता म स्वयमं उनीहरूको छिमेकी भएको प्रमाणीत गरी अध्ययन शुरु गरिएकोले उत्तर दिनमा कुनै समस्या पाइएन । उनीहरूले दिइएका उत्तर शोधपत्रको लागि हो भन्ने कुरा स्पष्ट पारेर मात्र सूचना सङ्कलन गरिएको हुँदा यथार्थ सूचना प्राप्त भएका छन् । अध्ययन अनुसन्धानमा आफैले विद्यालयमा भएका विद्यार्थीका आवश्यक अभिलेखहरू अध्ययन गरी सूचना सङ्कलन गरिएकोले सत्य तथ्य सूचनाहरू प्राप्त भएका छन् ।

# अध्याय-चार

## तथ्यांकको विश्लेषण र व्याख्या

माध्यमिक विद्यालय तहमा विद्यार्थीहरूको कक्षा उपस्थिति र शैक्षिक उपलब्धिको बारेमा जानकारी प्राप्त गर्न गरिएको यो अध्ययन झापा जिल्लाको जुरोपानी गा.वि.स. मा रहेको प्रगति उच्च माध्यमिक विद्यालयलाई अध्ययन क्षेत्रका रुपमा समावेश गरिएको थियो । यस अध्ययन गर्नको लागि छनौटमा परेको विद्यालयको माध्यमिक तह अन्तर्गत कक्षा ९ र १० को विद्यार्थी हाजिर (उपस्थिति) रेकर्ड र लब्धाङ्क पत्र साथै प्र.अ., विषय शिक्षकहरू, विद्यार्थीहरू साथै विद्यार्थीका अभिभावकहरूलाई अन्तर्वाता प्रश्नावलीको माध्यमबाट दिएको प्राप्त जानकारीको आधारमा तथ्यांकको विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१. विद्यार्थीको कक्षा उपस्थितिको अवस्था

माध्यमिक विद्यालयको कक्षा उपस्थितिको अवस्था अध्ययन गर्नका लागि माध्यमिक तह अन्तर्गत कक्षा ९ र १० का सम्पूर्ण विद्यर्थीहरूको उपस्थिति (हाजिर) रेकर्ड अध्ययन गरियो । जसमा उपस्थित विद्यार्थीहरूका रेकर्डहरूलाई तिन भागमा विभाजन गरियो । जसमा ९० प्रतिशत भन्दा बढी कक्षा उपस्थिति ७० प्रतिशत देखि ९० प्रतिशतसम्मको उपस्थिति र ७० प्रतिशत भन्दा कम दिन उपस्थित हुने विद्यार्थीहरू छुट्टयाई अध्ययन गरिएको थियो । यस अध्ययनमा ७० प्रतिशत देखि ९० प्रतिशतसम्म विद्यालय उपस्थित हुने विद्यार्थीको संख्या धेरै, ९० प्रतिशत भन्दा बढी र ७० प्रतिशत भन्दा कमी उपस्थित हुने क्रमशः कमी पाइयो । कक्षा ९ मा ३ जना छात्र र १ छात्रा विद्यालय भर्ना पछि विद्यालय उपस्थित नभएको कारण यिनीहरूको कुनै विवरण तालिकामा राखिएको छैन ।

### ४.१.१. कक्षा ९ को विद्यार्थी औसत उपस्थितिको अवस्था

यस अध्ययनमा माध्यमिक तहमा विद्यार्थीहरूको कक्षा उपस्थिति कस्तो छ ? भन्ने कुरा बुझ्नका लागि यस कक्षाका सम्पूर्ण विद्यार्थीको हाजिरी रेकर्ड अध्ययन गरियो । जुन रेकर्ड अनुसार विद्यार्थीहरूको औसत उपस्थिति तालिका नं. ४.१.मा देखाइएको छ ।

**तालिका नं ४.१.: कक्षा ९ का विद्यार्थीहरुको औसत उपस्थिति अवस्था**

| विवरण | संख्या | सम्पूर्ण विद्यार्थी उपस्थित दिन | औसत उपस्थिति | कैफीयत |
|---|---|---|---|---|
| छात्र | ६८ | ११६८६ | १७२ (८६) | २०० दिन विद्यालय खुलेको |
| छात्रा | ६३ | १०८९४ | १७३ (८६.५) | |
| जम्मा | १३१ | २२५८० | १७२ (८६) | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : कोष्ठमा भएका अङ्कले प्रतिशत जनाउँछ )

तालिका ४.१ अनुसार यस विद्यालयमा जम्मा २०० दिन विद्यालय खुलेको थियो । जसमा विद्यार्थीहरुको औसत उपस्थिति ८६ प्रतिशत रहेको देखिन्छ । छात्र र छात्राहरुको औसत उपस्थिति (८६ प्रतिशत) रहेको पाइयो ।

यहाँको उपस्थिति यस्तो देखिएता पनि शिक्षक र प्र.अ.बाट खाजा समय पछाडी केही विद्यार्थी कक्षा उपस्थिति नहुने गरेको प्रतिक्रिया पाइएको थियो ।

### ४.१.२. कक्षा ९ का विद्यार्थीहरूको कक्षा उपस्थितिको स्तर

विद्याथीहरूको उपस्थिति विवरण थाहा पाउन ९० प्रतिशत भन्दा बढी , ७०-९० प्रतिशत सम्म र ७० प्रतिशत भन्दा कम उपस्थितिको आधार मानी अध्ययन गरियो । यस कक्षामा उपस्थिति अवस्था निम्न अनुसार तालिका नं ४.२. मा देखाइएको छ ।

**तालिका नं ४.२ : कक्षा १० का विद्यार्थीको उपस्थितिको स्तर**

| विवरण | संख्या | ९०B भन्दा बढी उपस्थिति | ७०-९०B सम्मको उपस्थिति | ७०B भन्दा कम उपस्थिति |
|---|---|---|---|---|
| छात्र | ६८ | २३ (३४) | ४० (५९) | ५ (७) |
| छात्रा | ६३ | ९ (१५) | ५० (७९) | ४(६) |
| जम्मा | १३१ | ३२ (२४) | ९० (६९) | ९(७) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : कोष्ठमा भएका अङ्कले प्रतिशत जनाउँछ )

तालिका नं ४.२. अनुसार जम्मा विद्यार्थी मध्ये पाँच भागको एक भाग विद्यार्थीहरु ९० प्रतिशत भन्दा बढी विद्यालय उपस्थिति भएकोमा छात्रा भन्दा छात्रहरु दोब्बर भन्दा पनि बढी (३४ प्रतिशत) उपस्थिति भएको देखिन्छ । धेरै विद्यार्थीहरुको ७० देखि ९० प्रतिशत सम्मको उपस्थिति देखिन्छ । जसमा छात्र भन्दा छात्राहरुको संख्या बढी पाइयो भने ७० प्रतिशत भन्दा कम उपस्थिति हुने विद्यार्थीहरु न्यून रहेको देखिन्छ र यसमा छात्र र छात्राहरु बराबर नै रहेको पाइयो ।

### ४.१.३. कक्षा १० को औसत विद्यार्थी उपस्थिति अवस्था

कक्षा १० को औसत विद्यार्थी उपस्थिति अवस्था थाहा पाउन हाजिर रेकर्ड हेरियो । जसमा १६० दिन विद्यालय खुलेको थियो । जसलाई निम्न तालिकाबाट रुपष्ट पारिन्छ ।

**तालिका नं ४.३ : कक्षा १० का विद्यार्थीको औसत उपस्थिति अवस्था**

| विवरण | संख्या | कुल विद्यार्थीको उपस्थिति दिन | औसत उपस्थिति दिन | कैफियत |
|---|---|---|---|---|
| **छात्र** | ४५ | ६१८९ | १३७ (८५.६२) | १६० दिन विद्यालय खुलेको |
| **छात्रा** | ४३ | ५९३४ | १३८ (८६.२५) | |
| **जम्मा** | ८८ | १२१२३ | १३७ (८५.६२) | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : कोष्ठमा भएका अङ्कले प्रतिशत जनाउँछ )

तालिका नं ४.३. अनुसार जम्मा १६० दिन विद्यालय खुलेको थियो जसमा विद्यार्थीको औसत उपस्थिति ८५.६२ प्रतिशत रहेको देखिन्छ । जसमा छात्र र छात्राहरुको औसत उपस्थिति एकै किसिमको रहेको पाइयो ।

यहाँ माथि यस्तो उपस्थिति रहेतापनि खाजा समय पछाडी विद्यार्थीहरु कक्षा छाड्ने गरेको शिक्षक र प्र.अ.को प्रतिक्रिया थियो ।

### ४.१.४. कक्षा १० का विद्यार्थीहरूको कक्षा उपस्थितिको स्तर

यस अध्ययन क्षेत्रमा कक्षा १० मा रहेका विद्यार्थीहरूको उपस्थिति अवस्था यस प्रकार रहेको थियो जसलाई तालिकामा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.४. कक्षा १० का विद्यार्थीहरूको कक्षा उपस्थितिको स्तर**

| विवरण | संख्या | ९०B भन्दा बढी उपस्थिति | ७०-९०B सम्मको उपस्थिति | ७०B भन्दा कम उपस्थिति |
|---|---|---|---|---|
| **छात्र** | ४५ | १४ (३१.११) | २९ (६४.४) | २ (४.४) |
| **छात्रा** | ४३ | ११ (२५.५८) | ३१ (७२) | १ (२.३२) |
| **जम्मा** | ८८ | २५ (२८) | ६० (६८) | ३ (४) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : कोष्ठमा भएका अङ्कले प्रतिशत जनाउँछ )

तालिका ४.४ अनुसार ४ भागको एक भाग भन्दा बढी विद्यार्थीहरु ९० प्रतिशत भन्दा बढी उपस्थिति भएकोमा छात्राको तुलनामा छात्रहरुको प्रतिशत बढी (३१.११ प्रतिशत) रहेको देखिन्छ भने ७० देखि ९० प्रतिशतसम्मको उपस्थितिमा धेरै विद्यार्थीहरु रहेको देखिन्छ जसमा छात्रको तुलनामा छात्राहरु  (७२ प्रतिशत) रहेको पाइयो । ७० प्रतिशत भन्दा कम उपस्थिति न्यून रहेकोमा छात्राहरु भन्दा छात्रहरु दोब्बर रहेको देखिन्छ ।

## ४.२. विद्यार्थीहरूको शैक्षिक उपलब्धिको अवस्था

यस अध्ययन छनौटमा परेका विद्यालयमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि लब्धाङ्क पत्रका आधारमा अध्ययन गरियो । यस अध्ययनमा विद्यार्थीहरूको उपलब्धि स्तर प्रथम श्रेणी, द्वितीय श्रेणी , तृतीय श्रेणी, पास र फेलको आधारमा छुट्टयाएर अध्ययन गरियो ।

### ४.२.१. कक्षा ९ का विद्यार्थीहरूको शैक्षिक उपलब्धिको अवस्था

यस कक्षा ९ मा विद्यार्थीहरूको शैक्षिक उपलब्धि अवस्थालाई निम्नानुसार तालिकीकरण गरिएको छ ।

**तालिका नं. ४.५ : कक्षा ९ का विद्यार्थीहरूको शैक्षिक उपलब्धिको अवस्था**

| विवरण | संख्या | प्रथम | द्वितीय | तृतिय | पास | फेल |
|---|---|---|---|---|---|---|
| **छात्र** | ६८ | ४ (६) | १५ (२२) | २० (२९) | २१ (३१) | ८ (१२) |
| **छात्रा** | ६३ | १ (१.५८) | ११ (१७.४६) | १५ (२३.८०) | २७ (४२.५) | ९ (१४.२८) |
| **जम्मा** | १३१ | ५ (३.८) | २६ (१९.८) | ३५ (२६.७) | ४८ (३६.६) | १७ (१२.९) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : कोष्ठमा भएका अङ्कले प्रतिशत जनाउँछ )

तालिका ४.५. अनुसार प्रथम श्रेणीमा उत्तीर्ण हुने विद्यार्थी न्यून (३.८ प्रतिशत) रहेको देखिन्छ । जसमा छात्राहरुको तुलनामा छात्रहरुको संख्या बढी पाइयो । त्यस्तैगरी लगभग एक चौथाई विद्यार्थीरुले द्वितीय श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ र तृतीय श्रेणीमा उत्तीर्ण हुने विद्यार्थी द्वितीय श्रेणीमा भन्दा बढी (२६.७ प्रतिशत) रहेको पाइयो । यसरी प्रथम, द्वितीय र तृतीय श्रेणीमा पास हुने विद्यार्थीहरुमा छात्राको तुलनामा छात्राहरु सबैमा बढी देखियो । विषय लगाएर पास हुने विद्यार्थीहरु धेरै (३६.६ प्रतिशत) रहेको देखिन्छ जसमा छात्र भन्दा छात्राहरु बढी रहेको र फेल हुने विद्यार्थीहरु १२.९ प्रतिशत रहेकोमा छात्रको तुलनामा छात्राहरु केही बढी रहेको तालिकाबाट प्रष्ट हुन्छ ।

### ४.२.२. कक्षा १० का विद्यार्थीहरूको शैक्षिक उपलब्धिको अवस्था

अध्ययनमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि हेर्नको लागि जिल्ला स्तरीय सेन्टअप परक्षाको लब्धाङ्कपत्रको आधार मानियो । जुन तालिका नं ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.६ : कक्षा १० का विद्यार्थीहरूको शैक्षिक उपलब्धिको अवस्था**

| विवरण | संख्या | प्रथम | द्वितीय | तृतिय | पास | फेल |
|---|---|---|---|---|---|---|
| **छात्र** | ४५ | ४ (८.८८) | १९ (४२.२) | ३ (६.६६) | १५ (३३.३) | ४ (८.८८) |
| **छात्रा** | ४३ | २ (४.६५) | १४ (३२.५५) | - | २५ (५८.१३) | २ (४.६५) |
| **जम्मा** | ८८ | ६ (६.८१) | ३३ (३७.५) | ३ (३.४०) | ४० (४५.४५) | ६ (६.८१) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७
(नोट : कोष्ठमा भएका अङ्कले प्रतिशत जनाउँछ )

तालिका ४.६. अनुसार प्रथम श्रेणीमा उत्तीर्ण हुने विद्यार्थीहरु ६.८१ प्रतिशत देखिन्छ जसमा छात्राको तुलनामा छात्रहरु दोब्बर पाइयो । द्वितीय श्रेणीमा उत्तीर्ण हुने विद्यार्थीहरु प्रथम श्रेणीको ६ गुणा बढी (३७.५ प्रतिशत) रहेको देखिन्छ । यसमा पनि छात्रहरु नै बढी रहेको पाइयो । न्यून विद्यार्थीहरु (३.४० प्रतिशत) तृतीय श्रेणीमा उत्तीर्ण भएको जसमा छात्रहरुमात्र रहेको देखिन्छन् । लगभग आधा विद्यार्थीहरुले विषय लगाएर पास भएकोमा छात्र भन्दा छात्राहरु झण्डै दोब्बर रहेको देखिन्छ । फेल हुने विद्यार्थीहरु र प्रथम श्रेणी उत्तीर्ण भएका विद्यार्थीहरुको संख्या एक समान रहेको पाइयो ।

### ४.२.३. S.L.C. दिएका विद्यार्थीहरूको शैक्षिक उपलब्धि अवस्था

यस विद्यालय (अध्ययन क्षेत्र) मा २०६६ सालको S.L.C. परीक्षामा सामेल भएका विद्यार्थीहरूको शैक्षिक उपलब्धि अवस्था बुझ्नका लागि S.L.C लब्धाङ्क पत्र हेरियो जसलाई निम्न अनुसार तालिकीकरण गरिएको छ ।

तालिका नं ४.७: एस.एल.सी. दिएका विद्यार्थीहरूको शैक्षिक उपलब्धि अवस्था

| विवरण | संख्या | प्रथम | द्वितीय | तृतिय | फेल |
|---|---|---|---|---|---|
| **छात्र** | ४१ | ७ (१७.०७) | ३२ (७८.०४ | १ (२.४३) | १ (२.४३) |
| **छात्रा** | ४१ | ७ (१७.०७) | २६ (६५.८५) | २ (४.८७) | ५ (१२.१९) |
| **जम्मा** | ८२ | १४ (१७.०७) | ५९ (७१.९५) | ३ (३.६५) | ६ (७.३२) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : कोष्ठमा भएका अङ्कले प्रतिशत जनाउँछ )

तालिका नं ४.७. अनुसार प्रथम श्रेणीमा उत्तीर्ण हुने विद्यार्थीहरु १७.०७ प्रतिशत रहेकोमा छात्र र छात्राहरु पनि बराबर (१७.०७ प्रतिशत) रहेको देखिन्छ । बहुसंख्यक विद्यार्थीहरुले (७१.९५ प्रतिशत) द्वितीय श्रेणीमा उत्तीर्ण रहेको देखिन्छ जसमा छात्राको तुलनामा छात्रहरु बढी पाइयो । न्यून विद्यार्थीहरुले तृतीय श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ । जसमा छात्र भन्दा छात्राहरु दोब्बर रहेको पाइयो । तृतीय श्रेणीमा उत्तीर्ण विद्यार्थीहरु (२.४३ प्रतिशत) को दोब्बर फेल हुने रहेको देखिन्छ । जसमा छात्रहरु न्यून र छात्राहरु बढी रहेको पाइयो ।

## ४.३. विद्यार्थीहरूको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बीचको सम्बन्ध

विद्यार्थीहरूको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बीचको सहसम्बन्ध बुझ्नका लागि कक्षा ९ र १० साथै S.L.C. दिएका विद्यार्थीहरूको उपस्थिति रेकर्ड र सम्पूर्ण विद्यार्थीहरूको लब्धाङ्क पत्रको अध्ययन गरी ९० प्रतिशत भन्दा बढी उपस्थिति, ७० देखि ९० प्रतिशतसम्मको उपस्थिति र ७० प्रतिशत भन्दा कम उपस्थिति भएका विद्यार्थीहरूको शैक्षिक उपलब्धि छुट्टाछुट्टै रुपमा अध्ययन गरियो ।

### ४.३.१. कक्षा ९ का विद्यार्थीहरूको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बिचको सम्बन्ध

यस अध्ययनको छनौटमा परेको विद्यालयका विद्यार्थीहरूको कक्षा उपस्थिति र शैक्षिक उपलब्धिको सहसम्बन्ध पत्ता लगाउनका लागि सङ्कलन गरिएका तथ्यांकहरू तलको तालिका अनुसार रहेको पाइयो ।

**तालिका नं ४.८ : कक्षा ९ का विद्यार्थीहरूको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बिचको सम्बन्ध**

| उपस्थिति | विवरण | संख्या | प्रथम | द्वितीय | तृतिय | पास | फेल |
|---|---|---|---|---|---|---|---|
| ९० प्रतिशत भन्दा बढी | छात्र | २३ (१७.५५) | ४(१७.४) | ५(२१.७३) | ८(३४.७८) | ५(२१.७३) | १ (४.४३) |
| | छात्रा | ९ (६.८७) | - | ५(५५.५२) | २ (२२.२) | १ (११.१) | १ (११.१) |
| ७० देखि ९० प्रतिशत सम्म | छात्र | ४०(३०.५३) | - | १० (२५) | १२ (३०) | १४ (३५) | ४ (१०) |
| | छात्रा | ५० (३८.१६) | १ (२) | ६ (१२) | १३ (२६) | २५ (५०) | ५ (१०) |
| ७० प्रतिशत भन्दा कम | छात्र | ५ (३.८) | - | - | - | २ (४०) | ३ (६०) |
| | छात्रा | ४ (३.०५) | - | - | - | १ (२५) | ३ (७५) |
| जम्मा | | १३१ | ५(३.८) | २६(१९.८) | ३५ (२६.७) | ४८ (३६.५) | १७ (१२.९७) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : कोष्ठमा भएका अङ्कले प्रतिशत जनाउँछ )

तालिका नं ४.८. अनुसार एक चौथाई विद्यार्थीहरु ९० प्रतिशत भन्दा बढी उपस्थिति भए मध्ये छात्रहरु (१७.४ प्रतिशत) ले मात्र प्रथम श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ । द्वितीय र तृतीय श्रेणीमा बराबर विद्यार्थीहरुको संख्या रहेको पाइयो । जसमा द्वितीय श्रेणीमा छात्र र छात्रा एक समान देखिन्छ भने तृतीय श्रेणीमा छात्राको तुलनामा छात्रहरु बढी पाइयो । विषय लगाएर पास हुने विद्यार्थीहरुमा छात्रा भन्दा छात्रहरु बढी देखिन्छ । न्यून विद्यार्थीहरु फेल भएकोमा छात्र र छात्रा बराबर (१ जना ) पाइयो ।

७० देखि ९० प्रतिशत सम्मको उपस्थितिमा बहुसंख्यक विद्यार्थीहरु रहेको देखिन्छ । जसमा न्यून (२ प्रतिशत) छात्राहरुले मात्र प्रथम श्रेणीमा उत्तीर्ण गरेको पाइयो । द्वितीय र तृतीय श्रेणी दुवैमा छात्राहरु भन्दा छात्रहरु बढी रहेको देखिन्छ । अन्य श्रेणीमा भन्दा धेरै विद्यार्थीहरुले विषय लगाएर पास भएको देखिन्छ । जसमा छात्रको तुलनामा छात्राहरु बढी (५० प्रतिशत) रहेको पाइयो भने फेल हुने छात्र र छात्रा बराबर रहेको देखिन्छ । ७० प्रतिशत भन्दा कम उपस्थिति हुने विद्यार्थीहरु न्यून देखिन्छन् जसमा विद्यार्थीहरु विषय लगाएरमात्र पास भएको र पास भएको दोब्बर विद्यार्थीहरु फेल भएको पाइयो ।

### ४.३.२. कक्षा १० का विद्यार्थीहअरुको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बिच सम्बन्ध

यस अधयनयमा कक्षा १० का विद्यार्थीहरूको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बीचको सम्बन्ध बुभ्नका लागि अध्ययन गरिएका विद्यार्थी हाजिर रेहर्ड र लब्धाङ्क पत्र अनुसार निम्न सम्बन्ध पाइयो । जुन तालिका नं ४.९ मा उल्लेख छ ।

**तालिका नं ४.९ : कक्षा १० का विद्यार्थीहअरुको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बिच सम्बन्ध**

| उपस्थिति | विवरण | संख्या | प्रथम | द्वितीय | तृतिय | पास | फेल |
|---|---|---|---|---|---|---|---|
| ९० प्रतिशत भन्दा बढी | छात्र | १४(१५.९) | ३(२१.४२) | ८(५७.१४) | १(७.१४) | २ (१४.२८) | – |
| | छात्रा | ११(१२.५) | – | ६ (५४.५४) | – | ४ (३६.३६) | १(७.१४) |
| ७० देखि ९० प्रतिशत सम्म | छात्र | २९(३२.९) | १(३.४४) | ११(३७.९३) | २(६.८९) | १२(४१.३७) | ३( १०.३४) |
| | छात्रा | ३१(३५.२) | २(६.४५) | ८ (२५.८) | – | २१(६७.७५) | १ (३.२२) |
| ७० प्रतिशत भन्दा कम | छात्र | २(२.२) | – | – | – | १ (५०) | १ (५०) |
| | छात्रा | १ (१.१) | – | – | – | – | १ (१००) |
| जम्मा | – | ८८(१००) | ६(६.८१) | ३३ (३७.५) | ३(३.४०) | ४०(४५.४५) | १७(६.८) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : कोष्ठमा भएका अङ्कले प्रतिशत जनाउँछ )

तालिका ४.३.२ अनुसार जम्मा विद्यार्थीको एक तिहाई विद्यार्थीहरु ९० प्रतिशत भन्दा बढी उपस्थिति रहेको देखिन्छ जसमा थोरै छात्रहरु (२१.४२ प्रतिशत) ले मात्र प्रथम श्रेणीमा उत्तीर्ण भएको पाइयो । यस उपस्थितिमा आधा भन्दा बढी विद्यार्थीहरुले द्वितीय श्रेणीमा उत्तीण गरेको देखिन्छ जसमा छात्रको तुलनामा छात्रहरु कम देखिन्छ । विषय लगाएर पास हुने विद्यार्थीहरु प्रथम श्रेणीमा भन्दा दोब्बर देखिन्छ । यसमा छात्र भन्दा छात्राहरु बढी पाइयो । तृतीय श्रेणी र फेल हुने विद्यार्थी बराबर (७.१४ प्रतिशत) रहेको देखिन्छ ।

७० देखि ९० प्रतिशत सम्मको उपस्थितिमा लगभग आधा जसो विद्यार्थीहरु रहेको देखिन्छ जसमा छात्रको तुलनामा छात्राहरु दुई गुणा बढी (६.४५ प्रतिशत) प्रथम श्रेणीमा उत्तीर्ण रहेको देखियो । द्वितीय र तृतीय श्रेणीमा छात्राको तुलनामा छात्रहरु बढी रहेको देखिन्छ । विषय लगाएर पास हुने छात्राहरु धेरै ( ६७.७५ प्रतिशत) रहेको र छात्राहरु भन्दा आधा मात्र छात्रहरु रहेको पाइयो । ७० प्रतिशत भन्दा कम उपस्थिति हुने न्यून विद्यार्थीहरु रहेको देखिन्छ जसमा पास हुनेको दुई गुणा विद्यार्थीहरु फेल भएको पाइयो ।

### ४.३.३. विद्यार्थीहरूको कक्षा उपस्थिति र एस.एल.सी.को शैक्षिक उपलब्धि बीचको सम्बन्ध

S.L.C. दिएका विद्यार्थीहरूको शैक्षिक उपलब्धि अध्ययन गर्नका लगि उनीहरूले प्राप्त गरेका श्रेणी प्रथम, द्वितीय र तृतीय श्रेणी छुट्टयाइ अध्ययन गरियो जसमा सेन्टअपमा सामेल हुनु भन्दा अगाडिको कक्षा उपस्थिति विवरण कै आधार मानियो । जुन तालिका नं ४.१० मा देखाएको छ ।

**तालिका नं ४.१० : विद्यार्थीहरूको कक्षा उपस्थिति र एस.एल.सी.को शैक्षिक उपलब्धि बीचको सम्बन्ध**

| उपस्थिति | विवरण | संख्या | प्रथम | द्वितीय | तृतिय | फेल |
|---|---|---|---|---|---|---|
| **९० प्रतिशत भन्दा बढी** | छात्र | १४ | ४ (२८.५७) | ९ (६४.२८) | १ (७.१४) | – |
| | छात्रा | १० | २ (२०) | ६ (६०) | – | २ (२०) |
| **७० देखि ९० प्रतिशत सम्म** | छात्र | २६ | ३ (११.५) | २२ (८४.७) | – | १ (३.८४) |
| | छात्रा | ३१ | ५ (१६.१२) | २१ (६७.७४) | २ (६.४५) | ३ (९.६७) |
| **७० प्रतिशत भन्दा कम** | छात्र | १ | – | १ (१००) | – | – |
| | छात्रा | – | – | – | – | – |
| **जम्मा** | | ८२ | १४ (१७.०७) | ५९ (७१.९५) | ३ (३.६५) | ६ (७.३१) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

(नोट : कोष्ठमा भएका अङ्कले प्रतिशत जनाउँछ )

तालिका ४.१० अनुसार एक तिहाई विद्यार्थीहरु ९० प्रतिशत भन्दा बढी उपस्थिति भएको देखिन्छ जसमा प्रथम श्रेणीमा तीन भागको एक भाग विद्यार्थीहरु उत्तीर्ण भएकोमा छात्राको दोब्बर छात्रहरु (२८.५७ प्रतिशत) रहेको पाइयो । यस उपस्थितिमा धेरै विद्यार्थीहरु द्वितीय श्रेणीमा उत्तीर्ण भएको देखिन्छ जसमा छात्राभन्दा छात्रहरु नै बढी पाइयो । तृतीय श्रेणीमा पास हुने र फेल हुने विद्यार्थीहरु न्यून देखिन्छ ।

७० देखि ९० प्रतिशत सम्मको उपस्थितिमा दुई तिहाई विद्यार्थीहरु रहेको देखिन्छ जसमा विद्यार्थीहरुको संख्या अनुसार नै प्रथम श्रेणीमा उत्तीर्ण धेरै नै रहेको पाइयो । यसमा छात्रको तुलनामा छात्राहरु केही बढी (१६.१२ प्रतिशत) रहेको पाइयो । यस उपस्थितिमा सम्पूर्ण विद्यार्थीहरुको आधा विद्यार्थीहरुले द्वितीय श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ जसमा छात्र र छात्राको संख्या पनि एकै किसिमको पाइयो । न्यून विद्यार्थीहरुले (६.४५ प्रतिशत) मात्र तृतीय श्रेणीमा उत्तीर्ण गरेको पाइन्छ । ९० प्रतिशत भन्दा बढी उपस्थित विद्यार्थीहरु मध्ये फेल भएकाको

दोब्बर विद्यार्थी यस उपस्थितिमा फेल भएको पाइयो । ७० प्रतिशत भन्दा कम उपस्थिति हुने विद्यार्थीहरु सेन्ट अप परीक्षामा नै फेल भएकोले अति न्यून (१ जना विद्यार्थीमात्र रहेको देखिन्छ जसले द्वितीय श्रेणीमा पास भएको पाइयो ।

## ४.४. विद्यार्थी घटना अध्ययन

यस अध्ययनमा माध्यमिक तहका विद्यार्थीहरूको कक्षा उपस्थिति तथा शैक्षिक उपलब्धि बीचको सह सम्बन्ध पत्ता लगाउनका लागि कक्षा ९ र १० का सबै भन्दा जान्ने र सबै भन्दा नजान्ने १/१ जना विद्यार्थीहरूको घटना अध्ययन गरिएको छ ।

यस अध्ययन गर्ने क्रममा ४ जना नै छात्र छात्राहरूलाई विभिन्न प्रश्नावलीहरू निमार्ण गरी सबैभन्दा तिक्ष्ण र पढाइमा प्रथम स्थान प्राप्त गर्न सफल कक्षा ९र १० का र सबै भन्दा कम अङ्क ल्याइ पास मात्र हुने सोही कक्षाका छात्रछात्राहरूलाई अन्तर्वाता प्रश्नावली को माध्यमबाट साथै शिक्षक, साथी , अभिभावक लगायत उनीहरूसँग नजिकका केही व्यक्तिहरूसँग मौखिक रुपमा आवश्यक तथ्यांकहरू सङ्कलन गरिएको थियो ।

### ४.४.१. कक्षा १० मा अध्ययनरत सरुप खड्काको घटना अध्ययन

**क) विद्यार्थीको व्यक्तिगत विवरण :**

झापा जिल्ला जुरोपानी -१ निवासी श्री रमेश खड्का र श्रीमती पार्वती खड्काको जेठो पुत्रको रुपमा सरुप खड्काको जन्म २०५२ भदौ २९ गते आफ्नै निवासमा भएको हो । सानो परिवार खुसी परिवारको नारामा केन्द्रीत भएर नै होला उनको परिवारको संख्या ४ जनाको मात्र छ । उनका एक जना भाई छन् । सरुप एक लगानशील, इमान्दार विद्यार्थीको रुपमा चिनिन्छन् । उनले कक्षा १ देखि यही श्री प्रगति उच्च मा.वि.मा अध्ययनरत छन् । उनी सानै कक्षा देखि प्रथम, द्वितीय स्थानमा रहँदै आएका छन् । उनले कक्षा ६ मा प्रथम, कक्षा सातमा प्रथम, कक्षा ८ मा द्वितीय कक्षा ९ मा प्रथम रहेको विद्यालय रेकर्डबाट प्राप्त भएको छ । उनी प्रायश कक्षामा नियमित विद्यार्थीहरू हुन् । उनी विद्यालयले आयोजना गरिएको अतिरिक्त क्रियाकलापमा सँधै भाग लिने गर्दछन् । ५ फिट अग्ला र ४८ केजी तौल भएका सरुप फुटबल खेल्न र पढ्न बढी रूचि राख्दछन् । हाल उनी कक्षा १० मा अध्ययनरत छन् । उनी सबै साथीसँग मिलनसार देखिए पनि कहिलेकाहीँ चाँडै रिसाउने र चाँडै साथीसँग मिल्ने प्रवृत्तिका छन् ।

**ख) स्वास्थ्य स्थिति**

सरुपलाई हालसम्म उनको स्वास्थ्यमा कुनै पनि ठूलो रोग (समस्या) नआएको उनका बाबु आमाले बताउनु भएको छ । उनी शारिरीक रुप हृष्टपुष्ट नै देखिन्छन् । उनीसँग स्वास्थ्य स्थितिको बारेमा बुझ्दा कहिलेकाहीँ सामान्य ज्वरो र टाउको दुख्ने बाहेक कुनै पनि शारिरीक समस्या नरहेको बताउँछन् । उनी विहानै उठेर शारिरीक व्यायाम गर्ने र खेलहरू खेल्ने साथै समयमा खाना खाने कारणले नै आफू स्वास्थ्य रहेको बताउँछन् ।

**ग) पारिवारिक पृष्ठभूमि**

सरुपको परिवारमा जम्मा चार जना सदस्यहरू हुनुहन्छ । उनका बाबु रमेश खड्का सामान्य सरकारी कार्यमा संलग्न छन् भने आमा गृहिणी साथै खेतीपातीको कार्यमा आवद्ध देखिनु हुन्छ । श्री रमेश खड्का र श्रीमती पार्वती खड्काका जेठा पुत्र सरुप हुन् भने उनको एक जना भाई छन् । उनको भाई अहिले कक्षा आठमा यसै विद्यालयमा अध्ययनरत छन् ।

उनको परिवारमा आम्दानीको प्रमुख स्रोत खेतीपाती र बाबुको खरिदार पेशा रहेको छ । उनका बाबु झापा जिल्लामा नै कार्यमा संलग्न छन् । उनको बाबुको जमिन ३ विघा रहेको छ । जसले उनको परिवारलाई खान लाउनका लागि पुग्ने उनका बाबु रमेशले बताउनु भयो । आफ्नो तलबले केटाकेटीहरूलाई पढाउन र परिवारका विभिन्न आवश्यकता पूरा गर्ने कुरा बताउनु भयो । उनको परिवार सानो भएर नै होला खुसी पनि देखिन्छ । जसको कारणले गर्दा उनलाई पढ्ने वातावरण पनि राम्रो मिलाई दिएको देखिन्छ । उनको घरमा जम्मा पाँच कोठा रहेको छ । उनको लागि एउटा कोठा जुन पढ्न लागि उपयुक्त पनि देखिन्छ ।

**घ) चारित्रिक पक्ष**

कक्षा १० मा अध्ययनरत विद्यार्थीहरू मध्ये उनी एक लगनशील, जेहेन्दार अनुशासित विद्यार्थी रहेको यस विद्यालयका शिक्षकहरू बताउनु हुन्छ । भने उनका साथीहरू सरुप मिलनसार भएको बताउँछन् तर कहिलेकाहीँ चाँडै रिसाए पनि आफ्नो गल्ति महशुस गरिहाल्ने साथीहरूको भनाइ पाइयो । उनले अहिलेसम्म कुनै नराम्रो  काम गरेको नसुनेको उनका आमाबाबु बताउनु हुन्छ ।

**ङ) सामाजिक पक्ष**

झापा जिल्लामा जन्मिएका सरुपको घर गौरिगञ्ज बजार भन्दा ३ कि.मी टाढा रहेको छ । उनको घर गाउँको वातावरण सुनसान, रमाइलो छ । गाउँ घर छरछिमेकमा कहिल्यै झगडा गरेको सुनिँदैन । यस गाउँमा धेरै व्यक्तिहरू पढेलेखेका शिक्षितहरू रहेका छन् । यस सामजमा एक अर्कोलाई समस्या पर्दा एक आपसमा सहयोग गर्ने परिपाटी भएको कारण उनी पनि सामाजिक कार्यमा सानै उमेर देखि संलग्न छन् ।  उनी साथीभाईसँग मिलेर काम गर्न समाजमा कसैलाई दुःख परेका समयमा केही सघाउन पुग्ने कुरा उनका छिमेकीहरूले बताउँछन्।

**च) शैक्षिक स्थिति**

सरुप एक लगनशील , सुयोग्य विद्यार्थी हुन् । उनको शैक्षिक पक्षलाई हेर्दा विद्यालय अभिलेखमा कक्षामा प्रथम र द्वितीय स्थान ओगट्दै आएको पाइन्छ । उनले कक्षा १ देखि नै यसै उच्च मा.वि.मा अध्ययनरत छन् । उनको कक्षा ६  देखि कक्षा ९ सम्मको विद्यालय कक्षा उपस्थिति र उनको शैक्षिक उपलब्धि विवरण यस प्रकार छ ।

**तालिका नं ४.११ : कक्षा नौका प्रथम छात्र (सरुप)को कक्षा उपस्थिति विवरण**

| कक्षा | विद्यालय खुलेको दिन | उपस्थित दिन | उपस्थित प्रतिशत |
|---|---|---|---|
| **VI** | १८० | १७५ | ९७ |
| **VII** | १८२ | १७१ | ९३ |
| **VIII** | १९४ | १८० | ९२ |
| **IX** | २०० | १८९ | ९४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

यस माथिको तालिका अनुसार सरुप ९० प्रतिशत भन्दा बढी विद्यालय उपस्थित हुने गरेको स्पष्ट हुन्छ । उनलाई पढ्नको लागि परिवारबाट पनि राम्रो अवसर दिइएको देखिन्छ भने उनीलाई कक्षाको पूर्ण नियमित विद्यार्थी भन्न सकिन्छ । उनको यस्तो कक्षा उपस्थिति अनुसार शैक्षिक उपलब्धि यस प्रकार रहेको छ ।


**तालिका नं ४.१२ : कक्षा नौका प्रथम छात्र (स्वरुप)को शैक्षिक उपलब्धि स्तर**

| | | विषयहरूको प्राप्ताङ्क | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | प्राप्त स्थान | अं | ने. | ग. | वि. | सा. | जन | स्वा. | ना | पूर्व व्य | जम्मा |
| **VI** | प्रथम | ७५ | ६२ | ८० | ७२ | ६७ | ३१ | २८ | २९ | २५ | ४६९ (६७) |
| **VII** | प्रथम | ७२ | ६० | ७६ | ७३ | ६९ | ३३ | २५ | २५ | २७ | ४६० (६५.७१) |
| **VIII** | द्वितीय | ७७ | ६२ | ८२ | ६९ | ६१ | २९ | ३२ | २७ | ३१ | ४७०(६७.१४) |
| **IX** | प्रथम | ७९ | ७९ | ९१ | ७३ | ८७ | ८४ | ७४ ऐ.प्र. | ८८ ऐ.द्वि. | ६५५ (८१.८७) | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

नोट : कोष्ठमा भएको अंकले प्रतिशत जनाउँछ ।

माथिको तालिकालाई अझ स्पष्ट पार्नका लागि रेखा चित्र प्रस्तुत गरिएको छ।




माथिको रेखाचित्रद्वारा के प्रष्ट हुन्छ भने सरुपको कक्षा उपस्थिति अनुरुप शैक्षिक उपलब्धिमा पनि घटी बढी रहेको देखिन्छ । कक्षा ६, सात र आठको शैक्षिक सत्रमा बढी कक्षा उपस्थिति भएको समयमा शैक्षिक उपलब्धि पनि राम्रो देखिन्छ । त्यस्तै कक्षा ७ र ८ मा भन्दा कक्षा ९ मा बढी विद्यालय गएको समयमा बढी नै (८१.८७ प्रतिशत) अङ्क ल्याई कक्षामा पहिलो स्थानमा रहेको देखिन्छ ।

**६) भावी सोचाई र रूचि**

उनी फूर्सदको समयमा पत्रपत्रिका पढ्न रुचाउँछन् भने फुटबलमा पनि अत्यन्तै रूचि रहेको बताउँछन् । उनी राम्रो अङ्क ल्याई एस.एल.सी. पास गरेर इन्जिनियर पढ्ने र इन्जिनियर बन्ने सपना बोकेर अगाडि बढी रहेका छन् ।

**निष्कर्ष**

- अनुशासित, लगनशील, जेहेन्दार स्वभाव भएको
- पारिवारिक वातावरण राम्रो रहेको
- अन्य व्यक्तिसँग मिलनसार, सहयोगी भावना भएको
- अतिरिक्त क्रियाकलाप प्रति रूचि भएको ।
- नियमित कक्षा उपस्थिति हुने
- हालसम्म कक्षामा प्रथम र द्वितीय मात्र हुने गरेको ।

**सुझावहरू**

- Z असल सथीहरूको सँगत गर्ने
- Z नबुझेका कुराहरू शिक्षकलाई सोध्ने बानी बसाल्ने
- Z अझ बढी कक्षा उपस्थिति हुने कोसिस गर्ने
- Z छिटो रिसाउने बानी हटाउने ।

## ४.४.२. कक्षा १० मा अध्ययनरत कोपिला ताजपुरीयाको घटना अध्ययन

**क) विद्यार्थीको व्यक्तिगत विवरण**

वि.सं. २०५१ जेष्ठ १३ गते जुरोपानी गा.वि.स. वडा नं ३ मा श्री सूर्य कुमार ताजुरिया र श्रीमती रमा कुमारी ताजपुरीयाकी जेठी छोरीका रुपमा जन्म भएको हो । उनी हाल कक्षा १० मा अध्ययनरत छिन् । उनी निम्न माध्यमिक तहबाट यस प्रगति उच्च मा.वि. मा पढ्दै रहेकी छन् । प्रा.वि.सम्म श्री अरुणोदय प्रा.वि. मा अध्ययन गरेकी थिइन । उनको हालसम्म नि.मा.वि. देखिको विद्यालय रेकर्ड अनुसार परीक्षामा विषय लगाएर कक्षा उत्तीर्ण हुँदै आएको देखिन्छ । उचाईमा ४ फिट २ इन्च र ३९ के.जी तौल भएकी कोपिला देख्दा दुब्ली र पातली छिन् । उनी सबै साथीसँग मिलनसार छन् भने साथी बाहेक अन्य व्यक्तिसँग लजाउने बानी छ ।

**ख) स्वास्थ्य स्थिति**

स्वास्थ्यमा प्रतिकुल परिस्थिति झेल्दै आएकी कोपिला विगत सात वर्ष देखि पेट दुख्ने र पोल्ने समस्याले पिडित छिन् । उनी हेर्दा दुब्ली, पातली देखिन्छन् । उनी आफ्नो स्वास्थ्य कमजोर भएको कारण विद्यालयमा भन्दा घरमा नै प्रायशः हुने गर्छिन् ।

**ग) पारिवारिक पृष्ठभूमि**

श्री सूर्यकुमार ताजपुरीया र श्रीमती रमा कुमारी ताजपुरीयाका दुई छोरा र दुई छोरी छन् । ६ जनाको परिवार त्यसमा पनि अर्को एक जना थपिन लागेको जानकारी पनि यस अध्ययनको क्रममा मैले उनको पारिवारिक स्रोतबाट थाहा पाएँ । उनका दुई दाजुहरू छन् जो मजदुरी नै गर्छन् । ६ जनाको यस परिवारमा जम्मा ५ कठ्ठा मात्र जमिन रहेको छ जुन जमिनबाट खानको लागि केही सब्जी उब्जाउने गर्दछन् । बाबु आमा आफ्नो भएको थोरै जमिनमा वर्षको एक चौथाई भाग काम गर्न व्यस्त हुन्छन् र त्यसबाट आएको आम्दानीले एक चौथाई  वर्ष पनि धान्न धौ धौ हुने भएकोले विशेष गरी आमा बाबु र छोराछोरी सबै जना प्राय अरुको मेला पातमा बढी समय व्यतित गर्ने र आएको आम्दानीले गर्जो टार्ने रहेछन् । यस परिवारको मुख्य पेशाको रुपमा खेतीपाती र मजदुरी रहेको छ ।

**घ) शैक्षिक स्थिति :**

कक्षा १० मा पढ्ने कोपिला एक अध्ययनमा लालयित विद्यार्थी हुन् । उनी पढ्नमा रूचि राख्छिन् । तर उनको व्यक्तिगत स्वास्थ्य स्थिति र पारिवारिक आर्थिक कारणले एक उल्झनको रुपमा कार्य गर्दै आएको छ । यस्तो प्रतिकुल परिस्थितिलाई सँगाल्दै कक्षा १० को विद्यार्थी बन्न पुग्नु आफैमा एक चुनौति पूर्ण कार्य हो जस्तो लाग्छ । उनका बहिनीहरू पनि समय पाएको बेला मात्र विद्यालय जाने गर्छिन् । विद्यार्थीको विवरण अनुसार कक्षा ६ देखि ९ सम्मको विद्यालय कक्षा उपस्थिति र शैक्षिक उपलब्धि यस प्रकार रहेको छ ।

**तालिका नं ४.१३. : कक्षा ९ की कमजोर छात्रा (कोपिला)को उपस्थिति विवरण**

| **कक्षा** | **विद्यालय खुलेको दिन** | **उपस्थित दिन** | **उपस्थिति प्रतिशत** |
|---|---|---|---|
| **VI** | १८० | १२८ | ७१ |
| **VII** | १८२ | १३६ | ७८ |
| **VIII** | १९४ | १०५ | ५४ |
| **IX** | २०० | १३३ | ६७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार के स्पष्ट हुन्छ भने कोपिला विद्यालय कक्षा उपस्थिति कम हुने देखिन्छ । उनको प्रत्येक कक्षाको उपस्थिति ज्यादै न्यून छ ।

**तालिका नं ४.१४. : कक्षा ९ की कमजोर छात्रा (कोपिला) को शैक्षिक उपलब्धि**

| | | विषयहरूको प्राप्ताङ्क | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | प्राप्त स्थान | अं | ने. | ग. | वि | सा. | जन | स्वा. | ना | पू.व्य | जम्मा |
| VI | पास | ३२ | ३२ | १७ | ३४ | ४४ | १८ | १९ | १९ | २१ | २३६ (३३.७१) |
| VII | पास | ३६ | ३२ | ३५ | ३७ | ४३ | १९ | १७ | १६ | १७ | २५२ (३६) |
| VIII | पास | २२ | ३४ | १६ | ३७ | ४० | २० | २१ | १९ | १९ | २२६(३२.५७) |
| IX | पास | २४ | ३३ | ३२ | २७ | ४७ | ३८ | ३४ऐ.प्र. | ३२ ऐ.द्वि. | २६६ (३३.२५) | |


स्रोत : स्थलगत सर्वेक्षण, २०६७

नोट : कोष्ठमा भएको अंकले प्रतिशत जनाउँछ ।

(नोट : अं – अंग्रेजी, ने – नेपाली, ग– गणित, वि.– विज्ञान, सा–सामाजिक शिक्षा, जन–जनसंख्या तथा वातावरण शिक्षा, स्वा–स्वास्थ्य तथा शारिरीक शिक्षा, ना–नागरिक तथा नैतिक शिक्षा, पू.व्य–पूर्व व्यावसायिक शिक्षा, ऐ.प्र.–ऐच्छिक प्रथम, ऐ.द्वि.–ऐच्छिक द्वितीय ।)

माथिको तालिका अनुसार कोपिलाले कक्षा ६ , ८ र ९ कक्षा उत्तीर्ण हुँदा विद्यालयको नियम अनुसार क्रमशः १, २, २ विषय लगाएर पास भएको देखिन्छ । उनी कक्षाको नजान्ने विद्यार्थी अन्तर्गत पर्दछन् । उनको कक्षा सातको उपस्थिति दिन केही बढी भएको कारण उनले सम्पूर्ण विषयमा ठिक पास मात्र गरेको देखिन्छ । उनले ल्याएको प्राप्ताङ्कलाई स्तम्भमा देखाउँदा।

**स्तम्भ चित्र**




माथिको स्तम्भ चित्रबाट के प्रष्ट हुन्छ भने कोपिलाको कक्षा उपस्थिति बढी हुँदा उनको शैक्षिक उपलब्धि पनि केही बढेको देखिन्छ । र न्यून उपस्थिति हुँदा सोही किसिमले शैक्षिक उपलब्धि देखिन्छ । त्यसैले भन्न सकिन्छ कक्षा उपस्थितिले शैक्षिक उपलब्धिलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

**ङ) चारित्रिक पक्ष**

कोपिला असल, इमान्दार, अनुशासित, कर्तव्यपरायण छिन् । कक्षा १० मा पढ्ने यि छात्रा समयको वाध्यता उनमा हुँदाहुँदै पनि समय मिलाएर पढ्ने, भ्याएसम्म गृहकार्य गर्ने कार्य गर्नु उनको उत्कृष्ट चारित्रिक पक्षको नमूना हो । उनका अभिभावक भन्दछन् , " यो दैवै उस्तो पढ्छु पढ्छु भनेर पढ्न लालयितका लागि समय छैन, पैसा छैन तर पनि उनको संघर्षपूर्ण जीवन हुँदा पनि उनी कति पनि नआत्तिकन पढ्दै छन् । "

**च) सामाजिक पक्ष**

सामाजिक रुपमा असल छिन् उनी । कुनै पनि विद्यार्थी साथीलाई आजसम्म नराम्रो नबोलेकी उनी सबैका सामु प्रिय देखिन्छन् । छरछिमेकमा उनको विशेषताको सम्मान हुन्छ । सामाजिक रुपमा एकदमै इमान्दार चेलीको रुपमा यिनलाई लिन सकिन्छ ।

**छ ) भावी सोचाई र रूचि**

उनी भन्छिन् " यदि म सँग समय, पैसा अनि स्वास्थ्य स्थिति सबै ठिक हुन्थ्यो भने देशकी एउटा नमूना महिला बन्ने थिएँ । तर म सँग त्यो कुनै कुरा छैनन् । त्यसैले सामान्य जिन्दगी विताएर सामाजिक सेवा गर्न चाहन्छु ।' अरुको सेवा गर्न निकै उत्साहित उनी आफ्नो सामर्थले भ्याएसम्म पछि पर्दिनन् । र भविष्यमा पनि अरुको सेवामा नै जीवन विताउने प्रण गर्छिन् ।

**निष्कर्ष**

उनी विद्यालयमा एक असल छात्रा र घरमा असल छोरी हुन् । उनको पारिवारिक स्थिति ज्यादै न्यून रहेको छ । उनी आफ्नो स्वास्थ्य स्थितिमा ज्यादै चिन्तित छिन् । उनी एकदमै मिलनसार र सहयोगी भावनाकी छन् । कोपिला पढ्नमा रूचि राख्ने र समाज सेवामा तलिन हुन खोज्ने व्यक्ति हुन् । उनको विद्यालय कक्षा उपस्थिति कम भएको कारण शैक्षिक उपलब्धि कमजोर देखिएको छ । उनको परिवारमा पढ्नको लागि उपयुक्त वातावरण पनि देखिँदैन ।

**सुझाव**

कोपिलाको लागि सर्वप्रथम स्वास्थ्य स्थितिमा सुधार गर्नका लागि अभिभवाहरूले कदम चाल्नु पर्ने देखिन्छ । परिवारको आर्थिक अवस्था न्यून भएको कारण ति छात्राको लागि विद्यालयले औषधि उपचारको लागि पहल गर्न सहयोग गर्नुपर्ने र विभिन्न दातृ निकायहरूलाई सहयोगको अपिल गर्नुपर्ने छ । आमाबुवाले छोरीको पढाईको केही समय घरमा मिलाउनु पर्छ । छात्राले आफू लजाउने बानीलाई उचित ठाउँमा मात्र प्रयोग गर्नुपर्छ ।

### ४.४.३. एस.एल.सी. मा प्रथम भएका छात्र समिप सुवेदीको घटना अध्ययन

**क) विद्यार्थीको व्यक्तिगत विवरण**

भोजपुर जिल्ला कुलुङ्ग गा.वि.स. वडा नं. ४ काम्लेटारमा श्री तेजप्रसाद सुवेदी र श्रीमती इन्दिरा सुवेदीका कान्छो छोराको रुपमा २०५१-५-२४ गते समिपको जन्म भएको हो । उनको प्रथमिक शिक्षा भोजपरकै श्री सिहमालिका प्रा.वि. मा पूरा गरेका थिए भने निम्न मा.वि.

अर्थात कक्षा ६ देखि हालसम्म यहि अध्ययनमा रहेको श्री प्रगति उच्च मा.वि.मा अध्ययनरत छन् उनको कक्षा ६ देखि एस.एल.सी. सम्मको शैक्षिक अभिलेख अध्ययन गर्दा, कक्षा ६ मा प्रथम, कक्षा ७ मा प्रथम, कक्षा ८ मा द्वितीय कक्षा ९ मा सातौं कक्षा १० (सेन्टअप परीक्षा)मा द्वितीय र एस.एल.सी.मा प्रथम भएको पाइएको छ । उनी कक्षा ११ मा मूल विषय अंग्रेजी राखि शिक्षा शास्त्र सङ्कायमा अध्ययनरत छन् । उचाइमा ५ फिट ३ इन्च भएका समिप ५२ केजी छन् र उनी हेर्दा पनि हृष्टपुष्ट देखिन्छन् ।

**ख) स्वास्थ्य स्थिति**

सानै उमेरदेखि हृष्टपुष्ट देखिने समिपलाई २०६५ सालमा ज्वरो र टाइफाइडले १ महिनासम्म सताएको र त्यसपछि उपचारबाट ठिक भएको पारिवारिक स्रोतबाट थाहा हुन आएको छ । तर उनी अहिले भने बलिया र हृष्टपुष्ट नै देखिन्छन् र उनलाई अहिले कुनै शारीरिक समस्या छ भनी सोध्दा कुनै समस्या नभएको बताउँछन् ।

**ग) पारिवारिक पृष्ठभूमि**

समिपको आमाबाबु र उनको एक दाजु गरी जम्मा चार जनाको परिवार देखिन्छ । उनका बाबु आफैमा एक शिक्षित तथा भद्रभलादमी हुनुहुन्छ । उहाँले २ वर्ष अगाडि नै माध्यमिक तहको शिक्षण पेशाबाट अवकाश प्राप्त गरी सक्नु भएको छ र हाल सामाजिक कार्यमा संलग्न हुनुहुन्छ । उनकी आमाले एस.एल.सी. सम्मको अध्ययन गर्नुभएको छ र हाल स्वास्थ्य स्वयंसेवीका भएर गाउँको विकासमा तलिन  हुनुहुन्छ । यो परिवार भोजपुरबाट २०६१ सालमा झापामा बसाइ सरेको हो । यिनीहरूको ४ विघा जमिन रहेको छ भने यिनीहरूको घर पनि ३ तलाको पक्की छ । घरमा पनि राम्रो व्यवस्थित कोठाहरू छन् । उनीहरूको घर ग्वालडुवा बजारमा पर्दछ । समिपको एकजना दाजु पनि छन् जुन स्नातक तह अध्ययन पूरा गरी स्नातकोत्तर तह अध्ययन गर्नका लागि तयारीमा छन् । समग्रमा उनको परिवार एक शिक्षित छ भने आर्थिक दृष्टिकोणमा पनि सम्पन्न मानिन्छ । यस परिवारको आयस्रोत , खेतीपातीबाट र बाबुको भत्ता आउने अनि घरबाट पनि केही आम्दानी हुने पारिवारिक स्रोतबाट थाहा हुन आएको छ । समग्रमा उनको परिवार एक शिक्षित परिवार हो । उनलाई कुनै आर्थिक, पारिवारिक सामस्याहरू पनि छैन ।

**घ) शैक्षिक स्थिति**

एकदमै राम्रो वातावरणमा हुर्कन पुगेका समिपले अध्ययनको क्रममा पाँचसम्म पहाडी क्षेत्रमा अध्ययन गरेको र निम्न मा.वि. (कक्षा ६) देखि झापामा अध्ययनरत छन् । उनको कक्षा ६ देखि एस.एल.सी. सम्मको विद्यालय कक्षा उपस्थिति र शैक्षिक उपलब्धि अध्ययन गरिएको छ जुन निम्न अनुसार रहेको छ ।

**तालिका नं ४.१५ : S.L.C. मा प्रथम भएका छात्र (समिप)को कक्षा उपस्थिति विवरण**

| कक्षा | विद्यालय खुलेको दिन | उपस्थित दिन | उपस्थित प्रतिशत |
|---|---|---|---|
| **VI** | १८२ | १७३ | ९५.५ |
| **VII** | १८० | १७१ | ९५ |
| **VIII** | १८२ | १७० | ९३ |
| **IX** | १९४ | १६० | ८२.४३ |
| **X** | १६० | १४९ | ९३.१२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार समिप एक नियमित छात्र देखिन्छन् उनी ८० प्रतिशत भन्दा बढी कक्षा उपस्थित हुने गरेको उनको हाजिरी रेकर्ड अनुसार थाहा भएको छ ।

**तालिका नं ४.१६ : S.L.C. मा प्रथम भएका छात्र (समिप)को शैक्षिक उपलब्धि स्तर**


| | | विषयहरूको प्राप्ताङ्क | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | प्राप्त स्थान | अं | ने. | ग. | वि | सा | जन | स्वा. | ना | | जम्मा |
| VI | प्रथम | ७१ | ६५ | ७८ | ७१ | ६२ | ३१ | २७ | २९ | २६ | ४५० (६४.२८) |
| VII | प्रथम | ७५ | ६१ | ८० | ६९ | ६५ | २९ | ३० | ३० | २७ | ४६६ (६७.५) |
| VIII | द्वितीय | ७२ | ५८ | ७८ | ७२ | ६८ | ३१ | २७ | २६ | २५ | ४५७ (६२.२८) |
| IX | सातौं | ६५ | ५५ | ५० | ६१ | ५९ | ७१ | ४५ | ६१ | ४६७ (५८.३७) | |
| | | | | | | | | ऐ.प्र. | ऐ.द्वि. | | |
| X | द्वितीय | ७५ | ६० | ५४ | ६३ | ६४ | ८० | ५० | ६० | ५०२ (६२.७५) | |
| S.L.C | प्रथम | ६७ | ६३ | ९३ | ७६ | ५२ | ८० | ९४ | ७९ | ६१० (७६.२५) | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

नोट : कोष्ठमा भएको अंकले प्रतिशत जनाउँछ ।

(नोट : अं – अंग्रेजी, ने – नेपाली, ग– गणित, वि.– विज्ञान, सा–सामाजिक शिक्षा, जन–जनसंख्या तथा वातावरण शिक्षा, स्वा–स्वास्थ्य तथा शारिरीक शिक्षा, ना–नागरिक तथा नैतिक शिक्षा, पू.व्य–पूर्व व्यावसायिक शिक्षा, ऐ.प्र.–ऐच्छिक प्रथम, ऐ.द्वि.–ऐच्छिक द्वितीय ।)

उनले ल्याएको प्राप्ताङ्कको र उपस्थितिलाई स्तम्भ रेखाचित्रमा प्रस्तुत गरिएको छ ।




यस माथिको स्तम्भ चित्रद्वारा के प्रष्ट हुन्छ भने समिप नियमित विद्यालय कक्षा उपस्थिति हुँदा शैक्षिक उपलब्धि पनि राम्रो देखिएको छ भने कक्षा ९ मा उनको कक्षा उपस्थिति कमी भएको कारण शैक्षिक स्तर पनि खस्कन गएको देखिन्छ । त्यसैले समग्रमा यो भन्न सकिन्छ कि विद्यार्थीको शैक्षिक उपलब्धि राम्रो बनाउन कक्षामा नियमित उपस्थिति भई शिक्षण सिकाइ क्रियाकलापमा सरिक हुनुपर्छ ।

**ङ) चारित्रिक पक्ष**

लगनशील, इमान्दार, परिश्रमी समिप हाल कक्षा ११ मा अध्ययनरत छन् । उनी आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्ने गर्दछन् । उनीमा जातजाति, सानो, ठूलो सामाजिक अन्धविश्वास, सामाजिक कुरितीहरूको अन्त्य गरौं भन्ने भावनाका छन् ।

**च) सामाजिक पक्ष**

झापा जिल्लाको यो एक शिक्षित गाउँ हो । यस समाजमा धेरै व्यक्ति शिक्षित छन् । प्रायः मानिसहरू सामाजिक कार्यमा तलिन छन् र सहयोगी पनि यिनै समाजका अग्रज व्यक्तिहरूले गरेका कार्यहरू अवलम्बन गर्दै जाने क्रममा उनी पनि सहयोगी, मिलनसार देखिन्छन् । छरछिमेकमा उनीसँग कसैको पनि नराम्रो भएको छैन । शिक्षकहरूले पनि उनीलाई पूर्ण रुपमा विश्वास गरेको पाइन्छ ।

**च) भावी सोचाई र रूचि**

समिप हुने विरुवाको चिल्लो पात भने भैं सानै उमेर देखि लगनशील र असल मिजासिलो छन् अभ्र उनी शिक्षा क्षेत्रलाई बुभ्रेर अन्य क्षेत्रमा भन्दा अध्ययनमा नै बढी चाख दिन्छन् । उनी भविष्यमा एक कुशल शिक्षक बन्ने आशा गरेका छन्  र उनको आफ्नो मनपर्ने विषय अंग्रेजीमा पि.एच.डी. सम्म गर्ने लक्ष्य बोकेका छन् ।

**निष्कर्ष**

समिप एक इमान्दार, परिश्रमी विद्यार्थी हुन भने घर गाउँमा एक इमान्दार तथा आज्ञाकारी व्यक्तिका रुपमा चिनिन्छन् । उनी एक जेहेन्दार छात्र हुन् । उनको पारिवारिक स्थिति पनि राम्रो रहेको छ । उनका आमा-बाबु शिक्षित छन् । उनी विद्यालय नियमित उपस्थिति हुने भएको कारण पनि उनको शैक्षिक उपलब्धि पनि राम्रो रहेको देखिन्छ ।

**सुभ्राव**

समिप जेहेन्दार विद्यार्थी भएतापनि उनी अतिरिक्त क्रियाकलापमा भाग लिने गर्दैनन् । त्यसैले पढाईको अलावा विद्यालयले आयोजना गरेको अतिरिक्त क्रियाकलापमा भाग लिनु गर्नु पर्ने छ । उनले स्वास्थ्य स्थितिमा पनि विशेष ख्याल दिनु पर्नेछ । त्यस्तै गरी अध्ययनको लागि अभ्र बढी समय दिनु पर्नेछ । जसले गर्दा मात्र उनको सपना (सोचाई) पूरा हुन सक्छ ।

**४.४.४. एस.एल.सी.मा सबैभन्दा कम अंक ल्याई पास हुने विद्यार्थीको घटना अध्ययन**

**क) विद्यार्थीको व्यक्तिगत विवरण**

भ्रापा जिल्ला जुरोपानी गा.वि.स. वडा नं ४ निवासी श्री दरिराम राजवंशी र श्रीमती सरिता राजवंशीकी माइली छोरी हंशावती राजवंशीको जन्म वि.सं. २०५० चैत्र १५ गते आफ्नै निवासमा भएको हो । उनी हाल कक्षा ११ मा श्री प्रगति उच्च मा.वि.मा अध्ययनरत छन् । उनी कक्षा ६ देखि यस उच्च मा.वि.मा अध्ययनरत छन् । उनले प्राथमिक शिक्षा श्री अरुणोदय प्रा.वि.मा अध्ययन गरेकी थिइन । उनको कक्षा ५ देखिएको शैक्षिक अभिलेख अध्ययन गर्दा प्रत्येक कक्षामा विषय लगाएर मात्र उत्तीर्ण हुँदै आएको पाइएको छ । जसमा एस.एल.सी.मा मात्र सबै विषय पास गरेको देखिन्छ । उचाइमा ४ फिट ५ इन्च रहेकी हंसावतीको तौल ४४ केजी रहेको छ । उनी कालो वर्णकी छन् भने उनी हासिली देखिन्छन् ।

**ख) स्वास्थ्य स्थिति**

ठूलो परिवार भएपनि छोराछोरीको स्वास्थ्यको लागि बाबु आमाले हेरचाह गरेको बाबुआमाको भनाइ छ । उनी हालको समयसम्म कुनै ठूलो विरामी नभएको उनका बाबु आमा बताउँछन् । त्यस्तै गरी उनलाई कुनै शारिरीक पिडा छ कि छैन भनी सोध्दा आजसम्म कुनै विरामले सताएको छैन उनी भन्छिन् ।

### ग) पारिवारिक पृष्ठभूमि

हंशावतीको आमाबाबु दाजु, भाईबहिनी र सौतेनी आमा सहित जम्मा नौ जनाको परिवार जसमा आफ्ना एक दाजु र दुई बहिनीहरू छन् भने सौतेनी आमाको दुई दाजुभाई रहेको देखिन्छ । यिनका बाबु दरिराम एक कृषकको रुपमा कार्य गर्दछन् । यिनीहरू यहाँका आदिवासी हुन् । यिनीहरूको जमिन मात्र ५ विघा रहेको पारिवारिक स्रोतबाट थाहा हुन आएको छ । दरिराम र उनको दुई श्रीमती राम्रो खेतीपातीमा संलग्न छन् । दरिरामका श्रीमती आफ्नै दिदीबहिनी हुन् । उनीहरू एकअर्कामा झै-झगडा गर्दैनन् । उनीहरू मिलेर काम गर्ने छरछिमेकीहरू बताउँछन् । यिनका दुई दाजुहरू पैसा कमाउन भनी मेलेसिया पलायन भएका छन् भने भाई कक्षा ७ मा र बहिनीहरू कक्षा ९ मा अध्ययनरत छन् । यिनीहरू आर्थिक रुपमा सम्पन्न देखिन्छन् । उनीहरूको परिवारको आकार अनुरुप घरपनि ठूलो छ जसमा सात कोठा छन् । छोराछोरीको लागि पढ्नको लगि घर उपयुक्त देखिन्छ भने सामाजिक वातावरण कमजोर छ । दरिराम र उनको परिवार अरु कसैको मजदुरीको लागि हिड्नु नपर्ने स्थिति छ । उनीहरूको प्रमुख आयस्रोत खोतीपाती नै हो । दरिराम र उनका श्रीमतीहरूले पढ्न नजानेको बताउँछन् भने उनका दाजुहरूले कक्षा ८ पढेर छाडेको पारिवारिक स्रोतबाट थाहा हुन आएको छ ।

### घ) शैक्षिक स्थिति

हंसावती एक अनियमित विद्यार्थी हुन् । उनलाई घर र विद्यालयमा पढ्नको लागि समय पनि उपयुक्त छ र यति हुँदाहुँदै पनि उनीहरूको पढाई कमजोर रहेको उनका शिक्षकहरू बताउनु हुन्छ । उनको कक्षा ६ देखि एस.एल.सी.सम्मको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि विद्यालय अभिलेख निम्न बमोजिम रहेको छ ।

**तालिका नं ४.१७ : S.L.C. मा कम अंक ल्याई पास हुने छात्रा (हंशावती) को विद्यालय उपस्थिति विवरण**

| कक्षा | विद्यालय खुलेको दिन | उपस्थित दिन | उपस्थित प्रतिशत |
|---|---|---|---|
| VI | १८२ | १२१ | ६६.४८ |
| VII | १८० | १२७ | ७०.५५ |
| VIII | १८२ | १३४ | ७३.६२ |
| IX | १९४ | १३५ | ६९.५८ |
| X | १६० | १४० | ८७.५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार हंशावती एक अनियमित छात्रा देखिन्छन् । उनी ७० प्रतिशत भन्दा बढी कक्षा उपस्थित हुने गरेको हाजिरी रेकर्ड अनुसार थाहा हुन आएको छ । उनको उपस्थिति अनुरुप शैक्षिक उपलब्धि निम्नानुसार रहेको छ ।


**तालिका नं ४.१८.: S.L.C. मा कम अंक ल्याई पास हुने छात्रा (हंशावती) शैक्षिक उपलब्धि स्तर**

| | | विषयहरूको प्राप्ताङ्क | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | प्राप्त स्थान | अं | ने. | ग. | वि. | सा. | जन | स्वा. | ना | पू.व्य | जम्मा |
| **VI** | पास | ३३ | ३२ | १६ | ३४ | ४३ | १९ | १७ | १८ | १६ | २२८ (३२.५) |
| **VII** | पास | ३७ | ३३ | १९ | ३३ | ४५ | २१ | १९ | १८ | १७ | २४२ (३४.५) |
| **VIII** | पास | २१ | ३९ | १७ | ३६ | ४१ | १६ | १७ | १६ | १६ | २१९ (३१.२८) |
| **IX** | पास | ३७ | ३६ | २४ | ३९ | ४३ | ४७ | ४१ ऐ.प्र. | ४३ ऐ.द्वि. | | ३१० (३८.७५) |
| **X** | पास | ३९ | ३५ | १७ | २८ | ४५ | ४८ | ३४ | ४७ | | २९३ (३६.६२) |
| **S.L.C** | तृतीय | ४७ | ३३ | ३२ | ३६ | ३२ | ५५ | ३८ | ४८ | | ३२१ (४०.१२) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

नोट : कोष्ठमा भएको अंकले प्रतिशत जनाउँछ ।

(नोट : अं – अंग्रेजी, ने – नेपाली, ग– गणित, वि.– विज्ञान, सा–सामाजिक शिक्षा, जन–जनसंख्या तथा वातावरण शिक्षा, स्वा–स्वास्थ्य तथा शारिरीक शिक्षा, ना–नागरिक तथा नैतिक शिक्षा, पू.व्य–पूर्व व्यावसायिक शिक्षा, ऐ.प्र.–ऐच्छिक प्रथम, ऐ.द्वि.–ऐच्छिक द्वितीय ।)




माथिको स्तम्भ चित्रद्वारा के स्पष्ट हुन्छ भने हंसावती एक अनियमित विद्यार्थी भएकोले उनको शैक्षिक स्थिति राम्रो देखिँदैन । उनीको कक्षा १० मा सबैभन्दा बढी विद्यालयमा उपस्थित भएको देखिन्छ । भने उनको शैक्षिक उपलब्धिमा पनि केही परिवर्तन भएको पाइएको छ ।

**ङ) चारित्रिक पक्ष**

उनी एक हसिलो स्वभावकी छात्रा हुन् । शिक्षकका अनुसार अरु छात्राहरूको तुलनामा उनी विपरीत लिङ्ग प्रति बढी झुकाव राख्ने केटी हुन् । र उनी मिलनसार पनि छन् ।

**च) सामाजिक पक्ष**

झापा जिल्लाको जुरोपानी गा.वि.स. मध्ये सबैभन्दा बढी आदीवासीहरूको बाहुल्यता भएको गाउँ नै उनीहरू भएको गाउँ हो । उनीहरूको गाउँमा खासै बढी पढेका व्यक्तिहरू छैनन् । उनीहरूको समाजमा झैझगडा अलिबढी हुने गर्दछ । उनी सामाजिक कार्यमा त्यति धेरै आवद्ध  हुन चाहन्न् ।

**छ) भावी सोचाइ र रूचि**

हंसिलो स्वभावकी हंशावती टेलिभिजन, फिल्म हेर्न धेरै मनपराउँछिन् । उनी कहिलेकाहीँ खाना खान र विद्यालय जान पनि भुल्छिन्  टेलिभजन भने पछि । उनलाई हिन्दी कार्यक्रमहरू अतिनै मनपर्छ । त्यस्तै गरी उनी पछि एक असल गृहिणी भएर जिवन विताउने भन्दा बढी लक्ष्य राखेको पाइँदैन ।

**निष्कर्ष**

आदिवासी समुदायमा जन्म लिन पुगेकी यि छात्रालाई पढ्ने समय प्रशस्त भएता पनि उनको पढ्नमा खासै रूचि पाइँदैन । उनको बाबुले सौतेनी आमा ल्याए पनि परिवारमा झैंझगडा देखिँदैन । यस परिवार सम्पन्न रहेको छ । उनको पढाइको स्तर ज्यादै कमजोर रहेको छ । जसको कारण उनी घरमा टेलिभिजन र फिल्म मात्र हेरेर समय बिताउने काम गर्छिन् किनकी यो उनको रूचिको विषय हो । उनको परिवार ठूलो भएपनि आर्थिक अवस्था राम्रै देखिन्छ ।

**सुझावहरू**

हंशावतीको यो एक शिक्षाआर्जन गर्ने समय भएकोले फिल्म, टेलिभिजनमा भन्दा बढी पढ्नको लागि समय दिनुपर्नेछ । परिवारमा आमाबुवाले पनि छोरीलाई पढ्न लगाउनु पर्नेछ । शिक्षकहरूले उनको पारिवारिक अवस्था राम्रोहुँदा पनि उनी किन फेल भइरहन्छिन्, के कारण छ भनी उनको घरमा गई आवश्यक सल्लाह परिवार र छात्रा स्वयंमलाई दिनुपर्ने देखिन्छ । फिल्मले केही समय आनन्द बनाउँछ तर वास्तविक जीवन फिल्म झैं नहुने कुरा बताई पढाइमा कडा संघर्ष गर्नुपर्ने देखिन्छ ।

### ४.५. शैक्षिक उपलब्धि उकास्ने उपायहरू

विद्यार्थीहरूको शैक्षिक उपलब्धि उकास्ने उपायहरूको खोजी गर्नको लागि छनौटमा परेका १ जना प्र.अ., ८ जना शिक्षक, २० जना अभिभावकहरू र २० जना विद्यार्थीहरूसँग अन्तर्वार्ता प्रश्नावलीद्वारा आवश्यक तथ्याङ्कहरू प्राप्त भएको थियो । जुन प्राप्त तथ्याङ्क वा प्रतिक्रियाहरूलाई तालिकाबाट प्रष्ट पारिएको छ ।

**शैक्षिक उपलब्धि उकास्ने उपायहरुबारे प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया**

| शैक्षिक उपलब्धि उकास्ने उपायहरु | प्र.अ. | शिक्षकहरु | अभिभावकहरु | विद्यार्थीहरु |
|---|---|---|---|---|
| विद्यार्थीको कक्षा उपस्थिति नियमित हुनेपर्ने | | ८ जना | १८ जना | २० जना |
| अभिभावहरुलाई शैक्षिक चेतना अभिवृद्धि गराउने | | ८ जना | | |
| सामाजिक भेदभाव तथा छुवाछुत जस्ता कुरीतिहरलाई निरुत्साहित गर्ने | | ४ जना | ५ जना | |
| घरमा पनि पढ्ने वातावरण अभिभावकले सिर्जना गरिदिने | | ५ जना | १५ जना | १९ जना |
| शिक्षकले गृहकार्य, कक्षाकार्य, एकाइ परीक्षा लिने गर्नुपर्ने | | ४ जना | | ५ जना |
| शिक्षण विधि उचित अपनाउनु पर्ने | | ८ जना | | |
| नियमित शिक्षण हुनुपर्ने | | ४ जना | ८ जना | १० जना |
| सरकारले निशुल्क माध्यमिक शिक्षाको व्यवस्थालाई कडाईका साथ लागू गर्नुपर्ने | | ६ जना | | |
| विद्यालयमा भौतिक पूर्वाधारहरुको राम्रो व्यवस्था हुनुपर्ने | | २ जना | ४ जना | |
| विद्यार्थीहरुलाई पढाइमा उत्प्रेरणा जगाउनु पर्नी | | | ३ जना | |
| मिहेनत गरी पढ्नु पर्ने | | २ जना | | २० जना |
| धेरैपटक अभयास गर्ने र नआएमा शिक्षकलाई सोध्नु पर्ने | | ४ जना | १५ जना | १३ जना |

माथिको तालिका अनुसार विद्यार्थीहरुको शैक्षिक उपलब्धि उकास्ने उपायहरु मध्ये विद्यार्थी कक्षा उपस्थिति नियमित हुनुपर्नेमा प्र.अ., शिक्षकहरु, अभिभावकहरु र विद्यार्थीहरु प्रायः सबैको एउटै प्रतिक्रिया रहेको पाइयो । प्र.अ. र शिक्षकहरुले अभिभावकहरुलाई शैक्षिक चेतना

अभिवृद्धि गराउनु पर्ने, सामाजिक भेदभाव तथा छुवाछुत जस्ता कुरीतिहरुलाई अन्त्य गर्नुपर्ने, उचित शिक्षण विधि अपनाउनु पर्ने कुरालाई विशेष जोड दिएको पाइयो । त्यस्तै गरी प्र.अ. र आधा जसो (४ जना) शिक्षकहरुले सरकारले निशुल्क शिक्षाको व्यवस्थालाई कडाइका साथ लागू गर्नुपर्ने जसले आर्थिक कमजोर भएका विद्यार्थीहरुको कक्षा उपस्थिति बढ्ने र शैक्षिक उपलब्धि उक्सन सक्छ भन्ने धारणा पाइयो । त्यस्तै गरी धेरै जसो शिक्षकहरुले गृहकार्य, कक्षाकार्य र एकाई परीक्षामा विशेष जोड दिनुपर्ने सले शैक्षिक उपलब्धि स्तर बढ्ने प्रतिक्रिया दिइएको पाइयो भने न्यून (२ जना) शिक्षकहरुबाट विद्यालयको भौतिक पूर्वाधारहरुको राम्रो व्यवस्था भएमा विद्यार्थीको कक्षा उपस्थिति बढ्न सक्ने जसले शैक्षिक उपलब्धि स्तरपनि बढ्ने प्रतिक्रिया पाइयो ।

यसै सन्दर्भमा नियमित विद्यालय जानुपर्ने, घरमा पनि पढ्ने वातावरण सिर्जना गरिदिनु पर्ने, धेरैपटक अभ्यास गर्ने, नआएमा शिक्षकार्य सोध्नुपर्ने जसले शैक्षिक उपलब्धि राम्रो हुनसक्ने धेरै जसो अभिभावक  र विद्यार्थीहरुको प्रतिक्रिया रहेको थियो । केही अभिभावकहरु (५ जना) ले सामाजिक भेदभाव जस्ता कुराहरुको अन्त्य हुन सके तल्लो वर्गका विद्यार्थीहरु पनि विद्यालय नियमित हुन सक्ने जसले गर्दा उनीहरुको शैक्षिक उपलब्धि स्तर बढ्न सक्ने धारणा पाइयो । त्यस्तै गरी सम्पूर्ण विद्यार्थीहरु (२० जनाले  मिहनेत गरी पढ्नुपर्ने जसले गर्दा राम्रो अंक ल्याउन सकिन्छ भन्ने प्रतिक्रिया जनाएका थिए ।

# अध्याय पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१. अध्ययनको प्राप्ति

यस अध्ययनमा झापा जिल्लाको जुरोपानी गा.वि.समा रहेको एक माध्यमिक विद्यालयको एक शैक्षिक सत्रको विद्यार्थी कक्षा उपस्थिति र शैक्षिक उपलब्धि अवस्थाको अध्ययन गरिएको छ । जस अध्ययनमा माध्यमिक तहको विद्यार्थी कक्षा उपस्थिति अवस्था के छ , कक्षा उपस्थिति र शैक्षिक उपलब्धि बीच कस्तो सम्बन्ध छ, र शैक्षिक उपलब्धि उकास्ने उपायहरू खोजी गर्ने सन्दर्भमा यस गा.वि.स.मा रहेको माध्यमिक विद्यालयलाई नमूनाको रुपमा छनोट गरिएको थियो । छनोटमा परेको विद्यालयबाट प्र.अ., आठ जना शिक्षक, २० जना विद्यार्थीहरू र छनोटमा परेका विद्यार्थीका अभिभावकहरू साथै घटना अध्ययनका लागि चार जना विद्यार्थीहरू छनोट गरिएको थियो । छनोटमा परेका प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरूसँग छुट्टाछुट्टै प्रश्नावलीको माध्यमद्वारा अन्तर्वार्ता गरी प्राप्त जानकारीको आधारमा साथै कक्षा ९ र १० का सम्पूर्ण विद्यार्थीहरुको उपस्थिति रेकर्ड र लब्धाङ्क पत्रको अध्ययनबाट  निम्न लिखित परिणामहरू पाइएको थियो ।

**उपस्थितिको अवस्था**

शैक्षिक सत्र २०६६ मा जम्मा २०० दिन विद्यालय खुलेको थाहा भयो । यस कक्षा ९ का जम्मा विद्यार्थीहरुको औसत कक्षा उपस्थिति ८६ प्रतिशत रहेकोमा छात्र र छात्राको औसत उपस्थिति खासै भिन्नता पाइएन, यस कक्षाका विद्यार्थीहरु मध्ये पाँच भागको एक भाग भन्द बढी विद्यार्थीहरु ९० प्रतिशत भन्दा बढी उपस्थिति रहेकोमा छात्रा (१५ प्रतिशत) को दोब्बर भन्दा बढी ( ३४ प्रतिशत) छात्रहरु रहेको पाइयों, ७० देखि ९० प्रतिशतको उपस्थितिमा धेरै विद्यार्थीहरु (६९ प्रतिशत) रहेको पाइयो जसमा छात्र २९ प्रतिशत र छात्राहरु २० प्रतिशत भन्दा बढी रहेको पाइयो र न्यून विद्यार्थीहरु ७० प्रतिशत भन्दा कम उपस्थिति भएकोमा छात्र र छात्रा समान (७ प्रतिशत) रहेको पाइयो ।

कक्षा १० मा १६० दिन विद्यालय खुलेको मध्ये विद्यार्थीहरुको औसत उपस्थिति ८५.६२ प्रतिशत रहेकोमा छात्र र छात्राहरुको औसत उपस्थिति पनि बराबर नै रहेको पाइयो । यस कक्षामा चार भागको एक भाग विद्यार्थीहरु ९० प्रतिशत भन्दा बढी उपस्थिति रहेको पाइयो । छात्र र छात्राहरुको उपस्थिति हेर्दा छात्रा भन्दा छात्रहरुको बढी प्रतिशत देखियो । ७० देखि ९० प्रतिशत सम्मको उपस्थितिमा बहुसंख्यक (६८ प्रतिशत) विद्यार्थीहरु रहेको पाइयो । यस उपस्थितिमा भने छात्र भन्दा छात्राहरु केही बढी (७२ प्रतिशत) रहेको पाइयो । ७० प्रतिशत भन्दा कम उपस्थितिमा न्यून विद्यार्थीहरु थिए जहाँ छात्र दुई जना र छात्रा १ जना पाइयो ।

**शैक्षिक उपलब्धि स्तर**

कक्षा ९ मा प्रथम श्रेणीमा उत्तीर्ण हुने विद्यार्थी न्यून (३.८ प्रतिशत) रहेको देखियो । छात्र र छात्राको शैक्षिक उपलब्धि हेर्दा छात्रा भन्दा छात्रहरु बढी रहेको पाइयो । सबैभन्दा धेरै विद्यार्थी ३६.६ प्रतिशत विषय लगाएर पास भएको पाइयो भने ए चौथाई भन्दा बढी विद्यार्थी २६.७ प्रतिशत तृतीय श्रेणीमा र लगभग २० प्रतिशत द्वितीय श्रेणीमा उत्तीर्ण भएको पाइयो । जसमा विषय लगाएर पास हुनेमा छात्राहरु बढी र द्वितीय र तृतीय श्रेणीमा उत्तीर्ण हुने विद्यार्थीहरुमा छात्रहरु बढी पाइयो । प्रथम श्रे(णीमा पास हुने विद्यार्थीको चार गुणा भन्दा बढी( १२.९ प्रतशित)ले फेल गरेको पाइयो ।

कक्षा १० मा प्रथम श्रेणीमा उत्तीर्ण हुने विद्यार्थी र फेल हुने विद्यार्थीको संख्या न्यून तथा एक समान (६.८१ प्रतिशत) रहेको देखियो जसमा छात्रा भन्दा छात्र बढी पाइयो । यस कक्षामा भने विषय लगाएर उत्तीर्ण हुने विद्यार्थी धेरै (४५.४५ प्रतिशत) रहेको देखियो । जसमा छात्राहरुको संख्या बढी (५८.१३ प्रतिशत) रहेको पाइयो भने द्वितीय श्रेणीमा एक तिहाइ भन्दा बढी ३७.५ प्रतिशत विद्यार्थीहरु रहेकोमा छात्राको तुलनामा छात्रहरु केही बढी (४२.२ प्रतिशत रहेको पाइयो ।  त्यस्तै गरी तृतीय श्रेणीमा न्यून विद्यार्थीहरु थिए जहाँ छात्रहरु ३ जना मात्र पाइयो ।

एस.एल.सी. परीक्षाको लब्धाङ्कपत्र अध्ययन गर्दा १७.०७ प्रतिशत विद्यार्थीले प्रथम श्रेणीमा उत्तीर्ण गरेको देखियो जसमा छात्र र छात्राको संख्या बराबर (१७.०७ प्रतिशत) नै रहेको पाइयो । बहुसंख्याक विद्यार्थीहरुले (७१.९५ प्रतिशत) द्वितीय श्रेणीमा उत्तीर्ण गरेको पाइयो जसमा छात्रा भन्दा छात्रहरु केही बढी (७८.०४ प्रतिशत) रहेको पाइयो । न्यून विद्यार्थीहरु (३.६५ प्रतिशत) तृतीय श्रेणीमा र यसको ठिक दोब्बर विद्यार्थीहरु (७.३२ प्रतिशत) ले फेल गरेको देखियो जसमा छात्र भन्दा छात्राहरु धेरै रहेको पाइयो ।

**कक्षा उपस्थिति र शैक्षिक उपलब्धि विचको सम्बन्ध**

कक्षा ९ मा ९० प्रतिशत भन्दा बढी कक्षा उपस्थिति भएका विद्यार्थीहरुमा न्यून संख्यामा (१० प्रतिशत भन्दा कम) फेल भएको पाइयो भने ७० प्रतिशत भन्दा कमको उपस्थितिमा धेरै विद्यार्थीहरु (६५ प्रतिशत भन्दा बढी)ले फेल गरेको पाइयो । यी दुवै उपस्थितिमा छात्र भन्दा छात्राहरु बढी फेल भएको देखियो भने ७० प्रतशित भन्दा कम उपस्थिति हने विद्यार्थीहरुले प्रथम, द्वितीय र तृतीय कुनै स्थान प्राप्त नगरेको साथै पास हुँदा पनि विषय लगाएर र त्यस भन्दा बढी विद्यार्थीले फेल गर्ने गरेको पाइयो । त्यस्तै गरी ९० प्रतिशत भन्दा बढी उपस्थिति हुने मध्ये धेरै विद्यार्थीले प्रथम, द्वितीय र तृतीय श्रेणीमा उत्तीर्ण गरेको देखियो जसमा छात्रा भन्दा छात्रहरुकै बढी प्रतिशत पाइयो । ७०  देखि ९० प्रतिशत

सम्मको उपस्थितिमा विषय लगाएर पास भएका विद्यार्थीहरु धेरै रहेकोमा छात्रहरु भन्दा छात्राहरु बढी पाइयो ।

कक्षा १० मा ९० प्रतिशत भन्दा बढी उपस्थिति भएका एक तिहाई विद्यार्थी (२८ प्रतिशत) मध्ये न्यून (७.१७ प्रतिशत भन्दा कम) फेल भएको पाइयो भने ७० प्रतिशत भन्दा कमको उपस्थितिमा यस कक्षामा पनि धेरै विद्यार्थी (७० प्रतिशत भन्दा बढीले फेल गरेको पाइयो । जसमा छात्रको तुलनामा छात्राहरु नै बढी देखियो । यस कक्षामा पनि ७० प्रतिशत भन्दा  कम उपस्थिति हुने विद्यार्थीहरुले विषय लगाएर पास गरेको र त्यस भन्दा बढीले फेल गरेको पाइयो भने प्रथम, द्वितीय र तृतीय श्रेणीमा कोही उत्तीर्ण हुन नसकेको देखियो । ९० प्रतिशत भन्दा बढी उपस्थिति हुने विद्यार्थीहरुले प्रथम, द्वितीय र तृतीय श्रेणीमा बढी उत्तीर्ण गरेको पाइयो । त्यस्तै गरी ७० देखि ९० प्रतिशत सम्मको उपस्थिति हुने विद्यार्थी धेरैले विषय लगाएर पास भएको र द्वितीय र तृतीय श्रेणीमा पनि विद्यार्थीहरुको राम्रै प्रतिशत रहेको पाइयो

एस.एल.सी. परीक्षा दिएका विद्यार्थीहरु संख्या छात्र र छात्राहरु बराबर (५० प्रतिशत) रहेका पाइयो । जसमा ९० प्रतिशत भन्दा बढी उपस्थिति हुने विद्यार्थीहरुले प्रथम र द्वितीय श्रेणीमा धेरैले पास गरेको देखियो जसमा छात्रको तुलनामा छात्रा कम पाइयो । तृतीय  हुने विद्यार्थी न्यून ( १० प्रतिशत भन्दा कम रहेको पाइयो । ७० देखि ९० प्रतिशत सम्मको उपस्थितिमा धेरै विद्यार्थीहरु (६५ प्रतिशत) थिए जसमा धेरैले द्वितीय श्रेणीमा र त्यस भन्दा कम प्रथम श्रेणीमा पास गरेको पाइयो भने अन्य उपस्थितिमा भन्दा यसमा विद्यार्थी केही बढी फेल भएको पाइयो । ७० प्रतिशत भन्दा कम उपस्थिति हुने एक जना विद्यार्थी रहेकोमा उसले द्वितीय श्रेणीमा पास गरेको देखियो ।

विद्यार्थी घटना अध्ययनका क्रममा कक्षा नियमित उपस्थिति हुने, पारिवारिक, आर्थिक र सामाजिक वातावरण राम्रो भएको साथै पढाइमा विशेष रुचि राख्ने विद्यार्थीका शैक्षिक उपलब्धि राम्रो पाइयो भने विद्यालय नियमित हुन नसक्ने पारिवारिक, आर्थिक र सामाजिक वातावरण कमजोर भएको साथै स्वास्थ्य स्थिति कमजोर तथा पढाइमा कम रुचि राख्ने विद्यार्थीहरुको शैक्षिक उपलब्धि पनि सोही अनुरुप कमजोर नै रहेको पाइयो ।

**विद्यार्थीहरुको शैक्षिक उपलब्धि उकास्ने उपायहरु**

शैक्षिक उपलब्धि उकास्ने उपायहरु सम्बन्धमा प्र.अ. र शिक्षकहरुले विद्यार्थी कक्षा उपस्थितिलाई विशेष जोड दिनुपर्ने अभिभावकहरुमा शैक्षिक चेतना अभिवृद्धि गराउनु पर्ने, सामाजिक भेदभाव तथा छुवाछुत जस्ता कुरीतिहरुलाई निरुत्साहित गर्नुपर्ने, शिक्षकले गृहकार्य, कक्षाकार्य दिनुपर्ने र समय समयमा एकाइ परीक्षा लिनुपर्ने जस्ता प्रतिक्रिया रहेको पाइयो । त्यस्तै गरी अभिभावक र विद्यार्थीहरुबाट घरमा पढ्ने वतावरणको सिर्जना गर्नुपर्ने साथै विद्यार्थीहरुले मिहेनतका साथ पढ्नु पर्ने जसले शैक्षिक उपलब्धि उक्सन सक्छ भन्ने उनीहरुको धारणा पाइयो ।

## ५.२. निष्कर्ष

यस विद्यालयमा विद्यार्थीहरुको औसत कक्षा उपस्थिति राम्रो (८५ प्रतिशत) रहेको छ जसमा छात्र र छात्राहरु दुवैको उपस्थिति एक समान रहेको छ । औसत उपस्थिति बराबर देखिएता पनि शैक्षिक उपलब्धि छात्रको तुलनामा छात्राहरुको कमजोर छ । उनीहरुको शैक्षिक उपलब्धि कमजोर हुनमा परिवारमा छोरीहरुलाई पढ्ने वातावरण कम दिएको हुन सक्छ ।

यस अध्ययनमा कक्षा ९ र १० मा ९० प्रतिशत भन्दा बढी उपस्थिति हुने विद्यार्थीहरु मध्ये न्यून संख्यामा (१० प्रतिशत भन्दा कम) फेल भएको र ७० प्रतिशत भन्दा कम उपस्थिति हुने विद्यार्थीहरु धेरै (६५ प्रतिशत भन्दा बढीले फेल गरेको देखिन्छ । जसलाई विद्यार्थीको कक्षा उपस्थितिले र उनीहरुको शैक्षिक उपलब्धिमा प्रत्यक्ष असर पार्दछ भन्न सकिन्छ । कक्षा ९ र १० का विद्यार्थीहरुको परीक्षाको नतिजा र एस.एल.सी. परीक्षाको नतिजा तुलना गर्दा एस.एल.सी. परीक्षामा अनियमितता भएको निष्कर्ष निकालिएको छ । यस अध्यनमा छात्रको तुलनामा छात्राहरु कमजोर रहेको देखिन्छ ।

विद्यार्थी घटना अध्ययनको क्रममा नियमित कक्षा उपस्थिति हुने, पारिवारिक, आर्थिक र सामाजिक वातावरण राम्रो भएको साथै विद्यार्थीको स्वास्थ्य स्थिति राम्रो तथा पढाइमा रुचि राख्ने विद्यार्थीको शैक्षिक उपलब्धि राम्रो रहेको छ । त्यसैले विद्यार्थीको शैक्षिक उपलब्धि राम्रो बनाउन पारिवारिक, आर्थिक र सामाजिक कारण नै प्रमुख तत्व हो भन्न सकिन्छ ।

शैक्षिक उपलब्धि उकास्नका लागि विद्यार्थी नियमिततामा जोड दिनु पर्ने अभिभावकहरुलाई शैक्षिक चेतनाको अभिवृद्धि गराउनु पर्ने, सामाजिक कुरीतिहरुको अन्त्य गर्नुपर्ने , विद्यार्थीको रुचि, चाहना अनुरुप शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्ने, विद्यार्थीले पढाइमा विशेष रुचि दिनुपर्ने, शिक्षकले कक्षा कार्य , गृहकार्य, र एकाई परीक्षा लिने तथा परीक्षण पनि गरी आवश्यक पृष्ठपोषण दिइनुपर्ने निष्कर्ष निकालिएको छ ।

## ५.३. सुझावहरु

- नियमित कक्षा उपस्थितिले शैक्षिक उपलब्धि राम्रो हुन्छ भन्ने धारणाको विकास गर्न अभिभावकहरुलाई शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- छोरा र छोरी दुवैको शैक्षिक उपलब्धिमा समानता ल्याउनका लागि अभिभावकहरुले छोरा र छोरीहरुलाई एकै किसिमको व्यवहार गर्नुपर्ने देखिन्छ ।
- विद्यार्थीको शैक्षिक उपलब्धि उच्च बनाउनका लागि प्रत्येक विद्यालयमा विद्यार्थीहरुको कक्षामा नियमित उपस्थिति सम्बन्धि कडा नियम बनाई कार्यान्वयन गर्नुपर्दछ ।
- विद्यार्थीहरुको कक्षा उपस्थिति नियमित गर्नका लागि विद्यालयले सबैभन्दा बढी उपस्थित हुने विद्यार्थीलाई प्रशंसापत्र तथा पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- शिक्षकले विद्यार्थीको रुचि चाहना अनुरुप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।
- विद्यार्थीहरुले कक्षा उपस्थिति नियमित भई शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुनुपर्ने देखिन्छ ।
- शिक्षकले गृहकार्य कक्षाकार्य, विद्यार्थीहरुलाई दिने र परीक्षण गर्नुपर्ने साथै उनीहरुलाई आवश्यक पृष्ठपोषण दिनु पर्दछ ।
- विद्यार्थी केन्द्रित शिक्षण विधिमा जोड  दिनुपर्ने देखिन्छ ।

# सन्दर्भसूची


उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), काठमाडौं : शिक्षा मन्त्रालय ।

स्थापित, ए. वि. (२०३५), "विद्यार्थीहरुको गुणात्मक उपलब्धिहरुमा प्रभाव पार्ने विद्यालय वातावरण बाहिरका तत्वहरु" एक अध्ययन, त्रि.वि. कीर्तिपुर ।

खनाल, पेशल (२०६५), शैक्षिक अनुसन्धान पद्धति, काठमाडौ : स्टुडेण्टस् बुक्स एण्ड पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स,।

गिरी, युवराज (२०५९), "प्राथमिक पौष्टिक आहारा कार्यक्रमले विद्यार्थीहरुको नियमितता र शैक्षिक उपलब्धिमा पारेको प्रभाव", शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्यांकन विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, माधव, कोइराला, मातृका (२०६६), शिक्षाका आधारहरू, काठमाडौं : रत्न पुस्तक भण्डार,

पोखरेल, दुर्गा (२०६५), "प्राथमिक तहका विद्यार्थीहरुको कक्षा उपस्थिति र शैक्षिक उपलब्धि" एक अध्ययन , शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्यांकन विभाग, त्रि.वि.कीर्तिपुर ।

राष्ट्रिय शिक्षा अयोग, (२०४९), केशरमहल, काठमाडौं ।

वाग्ले, डा. मनप्रसाद र कार्की उपेन्द्रकुमार (२०६५), शिक्षाका आधारहरु, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शिक्षा विकास तथा अनुसन्धान (२०३३-२०५९), विद्यालय शिक्षा सम्बन्धी लेखहरुको संगालो, त्रिपुरेश्वर, काठमाडौं : शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

शर्मा, गोपीनाथ (२०६२), नेपालका शिक्षा आयोग प्रतिवेदन, काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६४), शिक्षा मनोविज्ञान, काठमाडौं : एम.के. पब्लिसर्श एण्ड डिष्ट्रिव्यूटर्स ।

शिक्षा ऐन, (२०२८), शिक्षा नियमावली २०५९, काठमाडौ : शहिष्णु प्रकाशन ।

सिंह, नागेश्वर (२०६२), शिक्षा मनोविज्ञान, काठमाडौँ : पैरवी प्रकाशन ।

श्रेष्ठ, हिरण्यलाल (२०६२), नेपाल परिचय, काठमाडौं : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

श्री ५ को सरकार, शिक्षा मन्त्रालय, (२०२७), राष्ट्रिय शिक्षा पद्दतिको योजना (२०२८-२०३२), सानोठिमी, भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

CERID (1982). "Achievement Study of Primary School Childrens", Kathmandu: CERID.

## अनुसूची १

### विद्यालय र प्र.अ.को नाम

| | नाम | ठेगाना |
|---|---|---|
| विद्यालय | श्री प्रगति उच्च मा.वि. | जुरोपानी, झापा |
| प्रधानाध्यापक | श्री मदन कुमार मिश्र | जुरोपानी, झापा |

## अनुसूची २

### अन्तरवार्ता प्रश्नावलीका लागि छनोटमा परेका विद्यार्थीहरुको नामावली

| कक्षा ९ | कक्षा १० |
|---|---|
| स्वरुप खड्का | समिप सुवेदी |
| सागर घिमिरे | प्रेम कुमार धमला |
| सुरक्षा कोइराला | लोक नाथ भण्डारी |
| सन्तोष अधिकारी | प्रश्ना वस्नेत |
| तिकामाया राजवंशी | राजेन्द्र विक |
| धनबहादुर भुजेल | टेकनारायण राजवंशी |
| रमिता रसाइली | गिता न्यौपाने |
| राम विश्वकर्मा | खेमबहादुर भुजेल |
| फूलमाया राजवंशी | सिता सुनदास |
| कोपिला ताजपुरीया | हंसावती राजवंशी |

## अनुसूची ३

### घटना अध्ययनका लागि छनोटमा परेका विद्यार्थीको नामावली

| क्र.सं. | नाम |
|---|---|
| १. | **स्वरुप खड्का** |
| २. | **कोपिला ताजपुरीया** |
| ३. | **समिप सुवेदी** |
| ४. | **हंशावती राजवंशी** |

## अनुसूची ४

## छनोटमा परेका शिक्षकहरुको नामावली

१. केशर देउजा

२. मानबहादुर घिमिरे

३. रामचन्द्र पौडेल

४. रामचन्द्र ढुङ्गाना

५. गणेश भट्टराई

६. हिरा कुमार न्यौपाने

७. कमल मणि बस्नेत

८. राजु कार्की

## अनुसूची ५

## छनोटमा परेका अभिभावकहरुको नामावली

| नाम | ठेगाना |
|---|---|
| रमेश खड्का | जुरोपानी १ |
| हेम सागर घिमिरे | जुरोपानी ४ |
| सरिता कोइराला | जुरोपानी ३ |
| रमिता अधिकारी | जुरोपानी २ |
| शम्भू राजवंशी | जुरोपानी ५ |
| रामबहादुर भुजेल | जुरोपानी ५ |
| प्रेम बहादुर विश्वकर्मा | जुरोपानी २ |
| राजु रसाइली | जुरोपानी ५ |
| सरिता राजवंशी | जुरोपानी ४ |
| सूर्य कुमार ताजपुरीया | जुरोपानी ४ |
| तेजप्रसाद सुवेदी | जुरोपानी १ |
| मनोज धमला | जुरोपानी १ |
| इन्द्र भण्डारी | जुरोपानी ३ |
| रमेश बस्नेत | जुरोपानी ३ |
| भक्तबहादुर विश्वकर्मा | जुरोपानी ५ |
| योगराज राजवंशी | जुरोपानी ३ |
| सिता न्यौपाने | जुरोपानी ७ |
| दुर्गा प्रसाद दहाल | जुरोपानी १ |
| राजकुमार सिटौला | जुरोपानी २ |
| दरिराम राजवंशी | जुरोपानी ३ |

# अनुसूची ६
# विद्यार्थीहरुको दैनिक उपस्थिति रेकर्ड फाराम

विद्यालयको नाम :

ठेगाना :

कक्षा :

| क्र.सं. | महिना | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय खुलेको दिन | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | विद्यार्थीको नाम/उपस्थित दिन | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | |

# अनुसूची ७

## विद्यार्थीको शैक्षिक तथ्यांङ्क संकलन फाराम

विद्यालयको नाम : ........................................

जिल्ला गा.वि.स.

वडा नं. कक्षा :

| क.सं. | विद्यार्थीको नाम | लिङ्ग | अघिल्लो कक्षाको प्राप्ताङ्क | कैफीयत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची ८

## कक्षा ९ मा प्रथम हुने छात्रको व्यक्तिगत विवरण

नाम : स्वरुप खड्का

कक्षा : १०

रोल नं : १

जन्म मिति : २०५२/०५/२९

जन्म स्थान : झापा जिल्ला, जुरोपानी गा.वि.स. वडा नं १

बाबुको नाम : रमेश खड्का

आमाको नाम : पार्वती खड्का

हालसम्म अध्ययन गरेको विद्यालय : प्रगति उच्च मा.वि.

**कक्षा ६ देखि हाल सम्म पास गरेको श्रेणी र प्रतिशत**

| | |
|---|---|
| कक्षा ६ | प्रथम (६७ प्रतिशत) |
| कक्षा ७ | प्रथम (६५.७१ प्रतिशत) |
| कक्षा ८ | द्वितीय (६७.१४ प्रतिशत) |
| कक्षा ९ | प्रथम (८१.८७ प्रतिशत) |

**कक्षा ६ देखि ९ सम्मको कक्षा उपस्थिति विवरण**

| **कक्षा** | **विद्यालय खुलेको दिन** | **उपस्थित दिन** |
|---|---|---|
| **VI** | १८० | १७५ |
| **VII** | १८२ | १७१ |
| **VIII** | १९४ | १८० |
| **IX** | २०० | १८९ |

| | | |
|---|---|---|
| उचाई | : | ५ फिट |
| तौल | : | ४८ किलो |
| रुचि | : | पढ्ने र फुटबल खेल्ने |
| राम्रो बानी | : | मिलनसार |
| नराम्रो बानी | : | चाँडै रिसाउने |

## पारिवारिक पृष्ठभूमि

| | | |
|---|---|---|
| परिवारको संख्या | : | ४ जना |
| छोरा : २ जना | | छोरी : ० |
| जेठो पुत्र | : | स्वरुप |
| बाबुको योग्यता | : | आइ ए पास |
| बाबुको पेशा | : | खरिदार |
| आमाको योग्यता | : | साक्षर |
| आमाको पेशा | : | गृहिणी |
| भाई | : | कक्षा आठमा अध्ययनरत |
| जमिन | : | ३ विघा |

# अनुसूची ९

## कक्षा ९ की कमजोर छात्रा व्यक्तिगत विवरण

नाम : कोपिला ताजपुरिया

कक्षा : १०

रोल नं : ८६

जन्म मिति : २०५१/०२/१३

जन्म स्थान : झापा जिल्ला, जुरोपानी गा.वि.स. वडा नं ३

बाबुको नाम : सूर्य कुमार ताजपुरिया

आमाको नाम : रमा कुमारी ताजपुरिया

हालसम्म अध्ययन गरेको विद्यालय : प्रगति उच्च मा.वि.

**कक्षा ६ देखि हाल सम्म पास गरेको श्रेणी र प्रतिशत**

| | | |
|---|---|---|
| कक्षा ६ | १ विषय लगाएर पास | (३३.७१ प्रतिशत) |
| कक्षा ७ | पास | (३६ प्रतिशत) |
| कक्षा ८ | २ विषय लगाएर पास | (३२.५७ प्रतिशत) |
| कक्षा ९ | २ विषय लगाएर पास | (३३.२५ प्रतिशत) |

**कक्षा ६ देखि कक्षा ९ सम्मको कक्षा उपस्थिति विवरण**

| कक्षा | विद्यालय खुलेको दिन | उपस्थित दिन |
|---|---|---|
| **VI** | १८० | १२८ |
| **VII** | १८२ | १३६ |
| **VIII** | १९४ | १०५ |
| **IX** | २०० | १३३ |

| | | |
|---|---|---|
| उचाई | : | ४.२ फिट |
| तौल | : | ३९ किलो |
| रुचि | : | समाज सेवा |
| राम्रो बानी | : | मिलनसार |
| नराम्रो बानी | : | लजाउने |

**पारिवारिक पृष्ठभूमि**

परिवारको संख्या : ६ जना

छोरा : २ जना छोरी : २

| | | |
|---|---|---|
| जेठो सन्तान | : | कोपिला |
| बाबुको योग्यता | : | निरक्षर |
| बाबुको पेशा | : | मजदुरी |
| आमाको योग्यता | : | निरक्षर |
| आमाको पेशा | : | मजदुरी |
| बहिनी | : | कक्षा सातमा अध्ययनरत |
| दाजुहरु | : | मजदुरी |
| जमिन | : | ५ कठ्ठा |

# अनुसूची १०

## एस.एल.सी.मा प्रथम हुने विद्यार्थीको व्यक्तिगत विवरण

नाम : समिप सुवेदी

कक्षा : ११

जन्म मिति : २०५१/०५/२४

जन्म स्थान : भोजपुर जिल्ला, कुलुङ्ग गा.वि.स. वडा नं ४

हालको ठेगाना : झापा जिल्ला जुरोपानी गा.वि.स. वडा नं ४

बाबुको नाम : तेज प्रसाद सुवेदी

आमाको नाम : इन्दिरा सुवेदी

हालसम्म अध्ययन गरेको विद्यालय : श्री सिंहमालिका प्रा.वि. भोजपुर र श्री प्रगति उच्च मा.वि., जुरोपानी, झापा

**कक्षा ६ देखि हाल सम्म पास गरेको श्रेणी र प्रतिशत**

| | |
|---|---|
| कक्षा ६ | प्रथम (६४.२८ प्रतिशत) |
| कक्षा ७ | प्रथम (६७.५० प्रतिशत) |
| कक्षा ८ | द्वितीय (६२.२८ प्रतिशत) |
| कक्षा ९ | सातौं (५८.३७.८७ प्रतिशत) |
| कक्षा १० | द्वितीय (६२.७५ प्रतिशत) |
| एस.एल.सी | प्रथम (७६.२५ प्रतिशत) |

**कक्षा ६ देखि१० सम्मको कक्षा उपस्थिति विवरण**

| कक्षा | विद्यालय खुलेको दिन | उपस्थित दिन |
|---|---|---|
| **VI** | १८२ | १७३ |
| **VII** | १८० | १७१ |
| **VIII** | १८२ | १७० |
| **IX** | १९४ | १६० |
| **X** | १६० | १४९ |

| | | |
|---|---|---|
| उचाई | : | ५ फिट ३ इन्च |
| तौल | : | ५२ किलो |
| रुचि | : | अँग्रेजी विषयमा पि.एच.डि गर्ने |
| राम्रो बानी | : | सहयोगी भावना |
| नराम्रो बानी | : | खासै छैन |

## पारिवारिक पृष्ठभूमि

| | | |
|---|---|---|
| परिवारको संख्या | : | ४ जना |
| छोरा : २ जना | | छोरी : ० |
| कान्छो पुत्र | : | समिप |
| बाबुको योग्यता | : | स्नातक |
| बाबुको पेशा | : | शिक्षण |
| आमाको योग्यता | : | एस.एल.सी. |
| आमाको पेशा | : | गृहिणी |
| दाजु | : | स्नातकोत्तर तह अध्ययनरत |
| जमिन | : | ४ विघा |
| घर | : | पक्की ३ तल्लाको |

# अनुसूची ११

## एस.एल.सी.मा कम अंक ल्याउने विद्यार्थीको व्यक्तिगत विवरण

नाम : हंसावती राजवंशी

कक्षा : ११

जन्म मिति : २०५०/१२/१५

जन्म स्थान : झापा जिल्ला, जुरोपानी गा.वि.स. वडा नं४

बाबुको नाम : दरिराम राजवंशी

आमाको नाम : सरिता राजवंशी

हालसम्म अध्ययन गरेको विद्यालय : श्री अरुणोदय प्राथमिक विद्यालय र श्री प्रगति उच्च मा.वि., जुरोपानी

**कक्षा ६ देखि हाल सम्म पास गरेको श्रेणी र प्रतिशत**

| | | |
|---|---|---|
| कक्षा ६ | १ विषय लगाएर पास | (३२.५ प्रतिशत) |
| कक्षा ७ | पास | (३४.५ प्रतिशत) |
| कक्षा ८ | २ विषय लगाएर पास | (३१.२८ प्रतिशत) |
| कक्षा ९ | २ विषय लगाएर पास | (३८.७५ प्रतिशत) |
| कक्षा १० | २ विषय लगाएर पास | (३६.६२ प्रतिशत) |
| एस.एल.सी | पास (तृतीय) | (४०.१२ प्रतिशत) |

**कक्षा ६ देखि १० सम्मको कक्षा उपस्थिति विवरण**

| कक्षा | विद्यालय खुलेको दिन | उपस्थित दिन |
|---|---|---|
| **VI** | १८२ | १२१ |
| **VII** | १८० | १२७ |
| **VIII** | १८२ | १३४ |
| **IX** | १९४ | १३५ |
| **X** | १६० | १४० |

| | | |
|---|---|---|
| उचाई | : | ४.५ फिट |
| तौल | : | ४४ किलो |
| रुचि | : | फिल्म हेर्ने |
| राम्रो बानी | : | हसिलो स्वभावकी, मिलनसार |
| नराम्रो बानी | : | पढन रुचि कम |

## पारिवारिक पृष्ठभूमि

| | | |
|---|---|---|
| परिवारको संख्या | : | ९ जना |
| छोरा : ३ जना | | छोरी : ३ |
| सानी आमाको नाम | : | रत्ना राजवंशी |
| माइली छोरी | : | हंसावती |
| बाबुको योग्यता | : | निरक्षर |
| बाबुको पेशा | : | कृषि |
| आमाको योग्यता | : | निरक्षर |
| आमाको पेशा | : | कृषि |
| दाजुहरु | : | बैदेशिक रोजगार |
| भाई | : | कक्षा सातमा अध्ययनरत |
| बहिनीहरु | : | कक्षा नौमा अध्ययनरत |
| जमिन | : | ५ विघा |

# अनुसूची १२

## प्र.अ.को लागि अन्तर्वार्ता प्रश्नावली

प्र.अ.को नाम :

विद्यालयको नाम :

ठेगाना :

प्र.अ.को योग्यता :

शिक्षण अनुभव

मितिः

१) तपाईको विद्यालयमा अघिल्लो सालमा कक्षा ९ र १० मा कति जना विद्यार्थीहरु थिए ?

२) सोही समयमा कक्षा ९ र १० मा विद्यार्थी उपस्थिति कस्तो रहेको थियो ?

३) विद्यार्थीहरु अनियमित हुनुका कारणहरु के-के हुनसक्छन् ?

४) नियमित विद्यालय उपस्थित हुने विद्यार्थीहरुको शैक्षिक उपलब्धि कस्तो रहेको थियो ?

५) अनियमित रुपमा विद्यालय उपस्थित हुने विद्यार्थीहरुको शैक्षिक उपलब्धि कस्तो रहेको थियो?

६) सबैभन्दा बढी कक्षा उपस्थित हुने विद्यार्थीको हौसला बृद्धि गर्न कस्तो कदम चाल्नु भएको छ ?

७) अनियमित विद्यार्थीहरुको लागि नियमित उपस्थिति गराउनका लागि कस्तो प्रकारको उत्प्रेरणाका स्रोतहरु अवलम्वन गर्नुभएको छ ?

८) विद्यार्थी उपस्थिति र शैक्षिक उपलब्धि बिचमा कस्तो सम्बन्ध पाउनुभएको छ ?

९) विद्यार्थीहरुको शैक्षिक उपलब्धि उकास्न के-कस्ता उपायहरु अपनाउन सकिन्छ ?

# अनुसूची १३

## शिक्षकका लागि अन्तवार्ता प्रश्नावली

शिक्षकको नाम :

शैक्षिक योग्यता :

विद्यालयको नाम :

शिक्षण अनुभव :

मिति :

१) तपाई दिनहुँ विद्यार्थी हाजिरी गर्नुहुन्छ ?

२) तपाई विद्यार्थी कक्षा उपस्थिति कस्तो पाउनु भएको छ ?

३) तपाई विषयमा विद्यार्थी शैक्षिक उपलब्धि कस्तो पाउनुभएको छ ?

४) नियमित विद्यालय आउने विद्यार्थी र अनियमित हुने विद्यार्थीको शैक्षिक उपलब्धिमा कस्तो फरक पाउनु भएको छ ?

५) विद्यार्थी कक्षा उपस्थिति र शैक्षिक उपलब्धिको बीचमा कस्तो सम्बन्ध पाउनु भएको छ ?

६) तपाई एक शिक्षकको हैसियतले विद्यार्थीहरुको कक्षा उपस्थिति बढाउन के-के प्रयास गर्नुभएको छ ?

७) विद्यार्थीको शैक्षिक उपलब्धि राम्रो बनाउन कस्ता कदमहरु चाल्नुपर्छ ?

८) तपाईको विचारमा विद्यार्थीको कक्षा उपस्थिति नियमित बनाइ शैक्षिक उपलब्धि बढाउन के-के उपायहरु अपनाउनु पर्ला ?

# अनुसूची १४

## अभिभावकसँग अन्तर्वार्ता प्रश्नावली

अभिभावकको नाम :

ठेगाना :

योग्यता :

पेशा :

मिति :

१) तपाईको छोराछोरी कति छन् ?

छोरा :

छोरी :

२) घरमा आएर पढ्न लेख्न कति समय मिलाउनु हुन्छ ?

३) छोरा छोरीलाई नियमित विद्यालय पठाउने गर्नुभएको छ ? यदि पठाउनु हुन्न भने किन ?

४) विद्यालयमा लिइने परीक्षामा तपाईका छोराछोरी सहभागीको अवस्था कस्तो छ ?

५) तपाईको छोरा छोरीको शैक्षिक उपलब्धि कस्तो छ ?

६) उनीहरुको शैक्षिक उपलब्धिमा तपाई सन्तुष्ट हुनुहुन्छ ?

७) तपाई आफ्ना छोराछोरीको कस्तो किसिमको शैक्षिक उपलब्धि चाहनुहुन्छ ?

८) तपाईलाई  आफ्ना छोराछोरीहरु नियमित रुपमा विद्यालय गई अध्ययन गर्दा र अनियमित रुपमा विद्यालय जाँदा उनीहरुको शैक्षिक उपलब्धि कस्तो हुन्छ जस्तो लाग्छ ?

९)  तपाइको विचारमा छोराछोरीहरुको शैक्षिक उपलब्धि उकास्न अभिभावकले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ?

१०) तपाईका छिमेकीले आफ्ना छोराछोरीहरुलाई अध्ययनका क्रममा के कस्तो सहयोग गरेको देख्नुभएको छ ?

# अनुसूची १५

## विद्यार्थी अन्तवार्ता प्रश्नावली

विद्यार्थीको नाम :

विद्यालयको नाम :

उमेर :

ठेगाना :

कक्षा :

मिति :

# अनुसूची १५

## विद्यार्थी अन्तवार्ता प्रश्नावली

विद्यार्थीको नाम :

विद्यालयको नाम :

उमेर :

ठेगाना :

कक्षा :

मिति :

१) के तिमी नियमित रुपमा विद्यालय जाने गरेका छौ ?

२) कुन अवस्थामा विद्यालय नजाने गरेका छौ ?

३) विद्यालय गएर शिक्षकले पढाएको समयमा कक्षामा बस्छौ ?

४) कक्षामा बसेको बेला पढ्नमन कतिको लाग्छ ?

५) तिमी शिक्षकले पढाएको बेला पढ्न रुचाउँछौ कि स्वअध्ययन गर्न रुचाउँछौ ?

६) शिक्षकले कक्षाकार्य गराउँछन् कि गराउँदैनन् ? तिमी गर्छौ कि गर्दैनौ ?

७) तिम्रो कक्षामा विषयवस्तुमा छलफल हुन्छ कि हुँदैन ?

८) तिमी त्यो छलफलमा सहभागी हुन्छौ कि हुँदैनौ ?

९) गहृकार्य गर्ने बानी छ कि छैन ?

१०) गहृकार्य शिक्षकलाई देखाउँछौँ ?

११) कक्षा परीक्षा हुन्छ कि हुँदैन ? तिमी सहभागी हुन्छौ ?

१२) कक्षा परीक्षाको नतिजा कस्तो आउँछ ?

१३) विद्यालयले लिने अन्य परीक्षामा सहभागी हुन्छौ कि हुँदैनौ ?

१४) तिमी परीक्षामा कुन श्रेणीमा उत्तीर्ण हुन्छौ ? तिमी कक्षामा साथीहरुमध्ये कुन स्थानमा आउँछौ?

१६) तिम्रो विचारमा नियमित रुपमा कक्षा उपस्थिति भएर अध्ययन गर्दा र अनियमित भएर अध्ययन गर्दा शैक्षिक उपलब्धि कस्को बढी राम्रो होला ?

१७) तिमी अझ बढी राम्रो अंक ल्याउन कस्तो उपायहरु अपनाउन सक्छौ ?